पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com
वर्ष : ३० अङ्क : २७ २०६९ फागुन ४ गते शुक्रबार (Feb 15, 2013) मूल्य रू. ७/-

## तुहियो प्रतिपक्षीको आन्दोलन

काठमाडौं । सडक आन्दोलनलाई आँधी बनाएर बाबुराम सरकार ढाल्ने घोषणा गरेर आन्दोलन विसाएर दोस्रो चरणको आन्दोलन गर्न सकेको छैनन् । प्रचण्डले फर्मुला ल्याउँछु भनेर हेटौंडाबाट प्रधानन्यायाधीशको नेतृत्वमा चुनावी सरकार भन्ने सुत्र-तुरूप के फालेको थिए, प्रतिपक्षीहरू हुन्न, हुन्न भन्दै राजनीतिक व्यक्तिको नेतृत्वमा सरकार गठन गरौं भनेर प्रचण्डसँग ललीपप चुस्न थाले ।

राष्ट्रपतिले पनि दोस्रो पटक निकास निकाल्न र चुनावमा जान आग्रह गरे । तर लोकतन्त्र लोकतन्त्र भनिरहेका प्रचण्ड रणनीतितन्त्रलाई पासो बनिरहेका छन् र सत्ताको चारो खोज्न अभ्यस्त प्रतिपक्षी आन्दोलनलाई थाँती राखेर प्रचण्ड चारा टिप्ने प्रयास गर्दैछन् । डेकेन्द्रको हत्या भएको दैलेखबाट (बाँकी अन्तिम पेजमा)

# नेताहरूलाई चुनावभन्दा सत्ताकै चासो

काठमाडौं । शीर्ष राजनीतिक दलहरूमा ताजा जनादेशको बहानामा सत्ताकै चासो बढी देखिएको छ । नेपाली कांग्रेसलाई अस्तित्व रक्षा गर्न प्रधानमन्त्रीको पद नभई भएको छैन । माओवादी आफ्नो दृश्य वा अदृश्य प्रभाव कमजोर पार्नै चाहँदैन । एमाले र मधेसी मोर्चा एउटा कांग्रेस र अर्को एमाओवादीसँग टाँसिएका छन् । यस्ता घटनाक्रमले राजनीतिमा व्यापक ध्रुवीकरण बढेको छ । जुनसुकै बेला चुनाव भए पनि कांग्रेस र एमाले अनि (बाँकी अन्तिम पेजमा)





## ज्वाईंका लागि सुजाता माओवादीतिर

नेपाली कांग्रेस बाबुरामको सरकारमा सामेल भएर निर्वाचनमा जानुपर्छ भनेर कांग्रेसकी नेतृत सुजाता कोइरालाले भन्दै हिंडेको कुरा कांग्रेसीले समेत पचाउन सकेनन् । किन सुजाता माओवादीतिर लसक्कै ? राजनीतिभित्रको राजनीति के रहेछ भनेर बुझ्दा उनकी बंगलादेशी ज्वाईं रूबेल चौधरी सुडानको एपीसी काण्ड र उनी परराष्ट्रमन्त्री हुंदा बंगलादेशी र भारतीय नागरिकलाई नेपाली भन्दै पासपोर्ट काण्ड गरेका रहेछन् । त्यो काण्ड सामसुम पार्न सुजाता कोइराला पार्टीले सुशील कोइरालालाई प्रधानमन्त्रीका रूपमा संस्थागत निर्णय गरिसक्दा पनि बाबुरामको 'मुखवीर' बनेर आज्ञाकारी बनेकी रहिछन् । (बाँकी अन्तिम पेजमा)

## बालुवाटार नै भ्रष्टाचारको अखडा

अभियान संवाददाता

काठमाडौं । आफू प्रधानमन्त्रीमा नियुक्त हुनासाथ भ्रष्टाचारलाई शुन्य सहनशीलतामा ल्याउने प्रतिबद्धता गरेका प्रधानमन्त्री डा.बाबुराम भट्टराईले आफ्नै प्रतिबद्धता विपरितका कार्यहरू गरेर भ्रष्टाचारलाई बढवा दिएका छन् । प्रधानमन्त्री भट्टराईले पछिल्लो पटक सम्हालेका मन्त्रालयहरू अहिले भ्रष्टाचारको अखडा नै बनेका छन् । नातावाद र कृपावादलाई पहिलो प्राथमिकतामा राखेर भट्टराईले ति मन्त्रालयका विभाग र कार्यालयहरूलाई



नातागोता भर्ने अखडा नै बनाएर राम्रा मान्छ भन्दा हाम्रा मान्छे भन्ने सिद्धान्तलाई अगाडी बढाका हुनाले मुलुक अहिले भ्रष्टाचारको आहालमा चुर्लुम्म डुबेको छ ।

प्रधानमन्त्री भट्टराईले सम्हालेका मन्त्रालयहरूमा उर्जा, सहरी विकास, वाणिज्य तथा आपूर्ति, कृषि विकास, युवा तथा खेलकुद र कानुन मन्त्रालयमा अहिले ऐन नियमले नभएर हचुवाको भरमा सञ्चालन गरिएको छ । भट्टराईले सम्हालेका उक्त मन्त्रालयहरूले गर्ने (बाँकी अन्तिम पेजमा)

## आउँदो निर्वाचन निष्पक्ष नहुने संकेत

अभियान संवाददाता

काठमाडौं । अब हुने संविधानसभाको चुनावमा पनि विद्युतीय मतदान यन्त्र प्रयोग गर्ने भनेर विर्नाचन आयोगले झण्डै एकवर्ष अगाडिदेखि फलाक्दै आएपनि अहिले आएर निर्वाचन आयोगले विद्युतीय मतदान यन्त्र प्रयोग गर्न नसकिने उद्घोष गरेर निर्वाचन निष्पक्ष र धाँधलीरहित हुन नसक्ने आभास दिएको छ । अहिले निर्वाचन आयोग पदाधिकारी विहीन अवस्थामा रहेको छ । निर्वाचन आयोगका तत्कालिन पदाधिकारीहरूले छिमेकी मुलुक भारतबाट विद्युतीय मतदान यन्त्र खरिद गर्ने र त्यसबाट निर्वाचन गराउन भनेका थिए । मतदान पत्रद्वारा निर्वाचन गराइएको खण्डमा व्यापक धाँधली हुने र मतदान पत्र झन्झटिलो समेत हुने भएको हुनाले विद्युतीय मतदान यन्त्र प्रयोग गर्ने पहिला उद्घोष गरिएकोमा अहिले आएर त्यसो गर्न सकिँदैन भन्नु निर्वाचन निष्पक्ष र धाँधली रहित नगराउने प्रयास नै हो भन्ने सजिलै बुझ्न सकिन्छ ।

छिमेकी मुलुक भारतमा एउटै राज्यमा ७/८ करोड जनसंख्या हुने र विद्युतीय मतपत्रबाट मतदान गराइने (बाँकी अन्तिम पेजमा)

## बर्ड फ्लु भन्दै खल्ती भर्दै

काठमाडौं । १३ वर्ष अघि विश्वमा देखिएको वर्ड फ्लु नेपालमा सन् २०१०मा पोखरामा, २०११ मा भक्तपुर र हालै मात्र झापामा मात्रै होइन कि यहीं राजधानी काठमाडौंमा पनि भेटिएको छ । चितवन र धादिङ त कुखुरा पालन क्षेत्र भएकाले व्यापक रूपमै फैलियो । नेपालमा वर्ड फ्लु खुला सीमा र अनियन्त्रित आयातका कारणले भारतबाट भित्रिएकोमा कसैलाई शंका छैन ।

वर्ड फ्लुले कुखुरा अथवा चराचुरूङी मात्र होइन, रोगाधी अण्डा, मासु खाँदा मानिस पनि मर्ने खतरा रहन्छ । त्यसैले स्वास्थ्य विभागले वर्ड फ्लुको व्यापक निगरानी राख्दै नियन्त्रणमा युद्ध नीति (बाँकी अन्तिम पेजमा)

## नेपाली सेना किन बोल्दैन ?

काठमाडौं । राजनीतिक झगडाले संविधानसमेत कार्यान्वयनमा नरहेको लामो समय भइसक्दा पनि नेपाली सेना केही थाहा नभएजस्तो गरी बसेको छ । राजनीतिक र संवैधानिक संकटले संवैधानिक अंगहरू रिक्त हुँदै गएका छन् । समाजमा चन्दा, अपहरण, हिंसाका घटना बढ्दै त्रासदी फैलिसकेको छ । यस्तो अवस्था आइसक्दा पनि अन्तिम सुरक्षाको प्रत्याभूतिका रूपमा रहेको नेपाली सेना नबोल्नु भनेको उचित हो र ?

कामचलाउ प्रधानमन्त्रीले सुदूरपश्चिमको कैलाली र राजधानीकै एमाओवादी आमसभा तथा हेटौंडाको एमाओवादीको (बाँकी अन्तिम पेजमा)

## केसीमाथि सांघातिक आक्रमण, घर तोडफोड

गुल्मी । गुल्मीको मुसिकोट-८ बस्ने प्रतावबहादुर केसी माथि एकीकृत नेकपा माओवादीका क्रियाशील कार्यकर्ताहरूबाट फगुन २ गते बेलुका ७:३० बजे घर नजिक देउरालीबाट घर फर्किंदै गरेको अवस्थामा भौतिक आक्रमण भएको छ । हतियारसहित आएका ३ जनाले केसीलाई आक्रमण गरी लगत्तै अरू केही कार्यकर्ता भेला भई केसीको घर र उनको घरमा नेपाली कांग्रेसको कार्यालय पनि तोडफोड गरेको प्रदत्यर्शी र गाउँलेहरूले बताएका छन् ।



पार्टीले धेरै पहिलादेखि नै हाम्रो विरोध गरेको र विरोध नगर्न साथै उनीहरूको पार्टीमा प्रवेश गर्न र १० लाख आर्थिक सहयोग उपलब्ध गराउन अन्तिम चेतावनी पत्र दिंदा समेत वेवास्ता गरेको भन्दै कुटपिट गरेको घाइते केसीले जानकारी दिए । तलाई आज यहीं सिध्याउँछौं भन्दै पोस्तोल देखाएर कुटपिट गरेको पनि उनले बताए । प्रत्यक्षदर्शीको उपस्थितिको मौका पारी भाग्न सफल भएपछि आक्रमणकारीहरूले केसीलाई छाडी घर तोडफोड गरेका थिए । सदरमुकाम तम्घासस्थिति जिल्ला अस्पतालमा उपचार गराइरहेका केसीको स्वास्थ्यमा सुधार भइरहेको अस्पतालले जनाएको छ ।

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥

मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं । – *अभियानवाणी*

अभियान साप्ताहिक

## सम्पादकीय

# के दाहाल र भट्टराई राष्ट्रघाती नै हुन् त ?

*नेकपा-माओवादीका अध्यक्ष मोहन वैद्यले तत्कालिन माओवादीको दश वर्षे जनयुद्धको फाइदा नेपाली जनताले भन्दा छिमेकी मुलुक भारतले लिएको दाबी गरेका छन् । तत्कालिन माओवादीका अध्यक्ष पुष्पकमल दाहाल र प्रधानमन्त्री डा.बाबुराम भट्टराईले राष्ट्रको हितमा भन्दा भारतीय हितमा काम गरेर सम्पूर्ण नेपाली जनताको शीर झुकाएको गम्भीर आरोप लगाएका छन् । १२ बुँदे सहमति भारतीयहरुकै सहयोग र समर्थनमा गरिएको हुनाले त्यही सहमतिलाई देखाएर भारतीय शासकहरुले नेपालबाट फाइदा लिएको स्वीकार गर्नुले १२ बुँदे सहमति नै गलत थियो भन्ने प्रमाणित भएको छ ।*

*हालै क्रान्तिकारी पत्रकार संघ बुटवलद्वारा आयोजित पत्रकार सम्मेलनमा बोल्दै अध्यक्ष वैद्यले नेपालविज्ञ मानिने एसडी मुनीले नेपालका माओवादीहरुलाई सत्तामा स्थापित गराउन भारतले प्रमुख भूमिका खेलेको अभिव्यक्तिप्रति सहमति जनाउँदै संघर्षको उद्देश्य राम्रो भएपनि अन्त्यमा त्यसको लाभ दाहाल र भट्टराईकै कारण भारतीयहरुले नै लिएको बताए । २००७ साल र २०४६ सालपछिका आन्दोलनहरुको फाइदा पनि भारतीयहरुले नै लिएको भन्दै पुष्पकमल दाहाल र बाबुराम भट्टराईलाई नेता मानेर राष्ट्रको हितमा काम गर्न समर्थन जनाएकोमा उनीहरुले भारतीय शासकहरुसँग झुकेर १२ बुँदे सम्झौता र त्यसपछि अनेक सम्झौता गरेर नेपाली जनताको शीर झुकाएको जस्ता गम्भीर आरोपहरु वैद्यले लगाएका छन् । सोही क्रममा उनले उद्घोष गरे, दाहाल र भट्टराई विश्वासघाती र राष्ट्रघाती भएको हुँदा हामीहरु एउटै पार्टीमा बस्न नसकेर अलग पार्टी निर्माण गर्न बाध्य भयौं । दाहाल र भट्टराईकै कारण पार्टीभित्र नवसंशोधनवादी गठबन्धनले भारतको पक्षमा काम गरेको हुनाले त्यसलाई प्रतिवाद गर्नकै लागी नेकपा-माओवादी गठन गर्नु परेको उद्घोष उनले गरेका छन् । दाहाल र भट्टराईले नेपाली कांग्रेस र नेकपा एमालेको भन्दा दोब्बर राष्ट्रघात गरेको देख्दा त्यसमा आफू संलग्न नभएको हुँदा आफूलाई आत्मग्लानी त हुँदैन तर चिन्ता लाग्ने गरेको बताएर दाहाल र भट्टराई राष्ट्रघाती नै हुन्, उनीहरुलाई नेपाली जनताले माफ नगर्ने चेतावनी समेत वैद्यले दिएका छन् । प्रचण्डले मलाई गुरुको ओहदाबाट फालेर भारतीय शासकलाई गुरु बनाएका हुनाले उनले त्रिभुवन विमानस्थलको सुरक्षा ब्यवस्था र अध्यागमन कार्यालयको सुरक्षाको जिम्मा भारतीयलाई दिने निर्णय गरेको रहस्य समेत खोलेका छन् ।*

*दश वर्षसम्मसँगै युद्ध लडेका तत्कालि नेकपा माओवादीका वरिष्ठ उपाध्यक्ष मोहन वैद्यले लगाएका गम्भीर आरोपका बारेमा दाहाल र भट्टराईले मुख खोल्न सकेका छैनन् । दाहाल कहिले नेपालको सीमा सम्बन्धी जनमत संग्रहबाट छिनोफानो गर्ने प्रस्ताव पेश गर्छन् त कहिले आफूले गिरिजाप्रसाद कोइरालाजस्तो पार्टनर नभेटाएको भन्दै बर्बराउन थाल्नुले नेकपा-माओवादीका अध्यक्ष वैद्यले लगाएका आरोप माथि सत्यता लुकेको आम नेपालीले पनि महसुस गरेका छन् ।*

# राष्ट्रपतिको नेतृत्वमा चुनावी सरकार उपयुक्त विकल्प

*देवेन्द्र चुडाल*

हालै हेटौडामा सम्पन्न भएको एकीकृत नेकपा माओवादी सातौं महाधिवेशनले मुलुकलाई निकास दिनुको सट्टा राजनैतिक दलहरू विचमा झन अविश्वास पैदा गरेको छ । एमाओवादी नेतृत्वले अधिवेशनले एकता कायम गरेको उद्घोष गरेपनि व्यवहारमा त्यस्तो देखिएन । पटक/पटक चुनावी सरकारको नेतृत्वका बारेमा बोली फेर्दै आएको एमाओवादी नेतृत्वले आफ्नो महाधिवेशन बाटै प्रधानन्यायधिस खिलराज रेग्मीलाई चुनावी सरकारको प्रधानमन्त्री बनाउने प्रस्ताव परित गरेको हुनाले प्रमुख विपक्षीदल नेपाली कांग्रेस र नेकपा एमाले लगायतका अन्य दलहरूले एमाओवादीका प्रस्तामाथि आशंका जनाएका छन् । दलहरू विच पटक/पटक भएका वार्ताहरूका आउँदो जेष्ठ महिनाभीत्रमा संविधानसभाको निर्वाचन गराउने सहमति भएको भए पनि चुनावी सरकारको नेतृत्व कस्ले गर्ने भने विषयमा विवाद रहेको छ । जसरी एकीकृत नेकपा माओवादी प्रधानन्यायधिश नेतृत्वमा चुनावी सरकार निर्माण गर्ने प्रस्ताव पारित गर्‍यो त्यो नै अविश्वासको प्रमुख कारण बन्यो । एमाओवादी नेतृत्वले दलहरू विच पटक/पटक भएका वार्ताहरूमै प्रधानन्यायधिसको नाम अगाडि सारेर त्यस विषयमा छलफल र बहस गरेको भए सायद अहिलेको जस्तो जटिल समस्या नै आउने थिएन । आफ्नो महाधिवेशनबाटै अयुक्त सूत्र ल्याउने घोषणा गरेको एमाओवादी नेतृत्वले किन एकाएक महाधिवेशनबाटै रेग्मीको नेतृत्वमा सरकरा निर्माण गर्नु पर्ने सर्त अगाडि सार्‍यो त्यो नै कहाँको विषय बनेको छ । जेष्ठ २ गते संविधानसभा रहेकै समयमा तिन दल र मधेसी मोर्चा विच चुनावी सरकारको नेतृत्व नेपाली कांग्रेसलाई दिने भने सहमति भएको थियो । तर जेष्ठ ४ गते स्वयम एमाओवादी अध्यक्ष दाहालले अब नेपाली कांग्रेसको नेतृत्वमा चुनावी सरकार निर्माण गर्न नसकिने अभिव्यक्ति दिएका हुनाले दलहरू बीचको अविश्वासको खाडल झ्न गहिरिएको सत्य वास्तविकता हो । संविधानसभाको वध भएको आठ महिना सम्ममा पनि दलहरूले राजनैतिक सहमति गर्नु नसक्नु भनेको दलहरूका लागि लज्जाको विषय हो । राजनैतिक दलका त्यसमा पनि तिन ठूला दलका शिर्ष नेताहरूले अर्कमण्य र असक्षमताक कारण मुलुक अहिले गम्भीर संकटमा परेको छ । साच्चीकै भन्ने हो भने नेपालको इतिहासमै नेपाल अहिलेको जस्तो संकटपूर्ण अवस्थामा कहिल्यै पुगेको थिएन । मुलुकलाई अहिलेको जस्तो संकटपूर्ण अवस्थामा पुर्‍याउन मुख्य तिन ठूलो दल र मधेसी मोर्चा जिम्मेवार रहेका छन् । एकीकृत नेकपा माओवादी चरम अवसरवादी केही मधेसी दलहरूको सहयोग र समर्थनमा मुलुकलाई असफल राष्ट्रतर्फ उन्मुख गराउन उद्धत रहकै छ । अहिले मधेसी मोर्चाको सहयोगमा मुलुकमा सर्वसत्तावाद लादन एमाओवादी नेतृत्व सकृय भएको परिणाम नै हो बहालावाल प्रधानन्यायधिसलाई कार्यपालीकाको प्रमुख बनाउने रणनीति दलहरूले आफूहरू असक्षम र असफल भएको सावर्जनीक रूपमै स्वीकार गरेको खण्डमा मात्र कुनै स्वतन्त्र व्यक्तिको नेतृत्वमा चुनावी सरकार गठन हुन सक्छ । राजनीतक गर्ने ठेक्का लिएर गठन भएका दलहरूले स्वतन्त्र व्यक्तिको नेतृत्वमा चुनावी सरकार गठन गर्ने प्रयास गर्नु भनेको दलहरू स्वत विघठन हुनु नै हो । अहिले मुलुकको पहिलो आवश्यकता भनेको निर्वाच नै हो । जनतालाई जो सुकै र जुनसुकै दलको नेतृत्वमा सरकार गठन भएपनि त्यसको कुनै महत्व छैन । किनभने नेपाली जनताले आशा एवं विश्वास गरेका डा. बाबुराम भट्टराईले त जनतालाई केही दिन सकेनन् भने पछि आउने सरकारले जनतालाई केहि दिन्छ भनेर कसरी आशा गर्ने ? डा.बाबुराम भट्टराई प्रधानमन्त्री हुनु अघि उनी चर्चाको शिखरमा थिए । भट्टराई अर्थमन्त्री भएको बेला जनताको पक्षमा उनले केही ठोस कार्यक्रम ल्याएका हुनाले नै उनीलाई जनताले प्रधानमन्त्री हुन योग्य र सक्षम सम्झिएका थिए तर तिनै व्यक्ति प्रधानमन्त्री भएको अठार महिना पुगी सक्दा तिनै जनताको ढाड सेकाउने र सिहदरबार र बालुवाटारलाई भ्रष्टाचारीहरूको अखडा मात्र बनाएका हुनाले अहिले नेपाली जनताले सिंगो एमाओवादी पार्टी र प्रधानमन्त्री भट्टराईलाई छि, छि र दुरदुर गर्ने थालेका छन् । प्रधानमन्त्री नियुक्त हुनासाथ आफूले ४५ दिनभीत्रमा शन्ति प्रकृयालाई अगाडि बढाउन र संविधान निर्माणको कार्यलाई तिव्रता दिन नसकैका खण्डमा आफू कुर्सीमा टास्सी नरहने प्रतिवद्धता जनाएका व्यक्तिले आफूलाई हुँदै नभएका अधिकार प्रयोग गरेर संविधानसभाको वध नै गरिदिए । संविधानसभाको वध हुनुको पछाडि पनि जसरी भएपनि आफू कुर्सीमा बसी रहने र सर्वसत्तावाद लादने योजना नै थियो । त्यही योजना अनुसार कुनै पनि दलहरूको सहमति नलिई एकलौटी ढंगले उनले संविधानसभाको वध गरिदिएका हुनाले अब नेपाली जनताले डा.भट्टराईलाई पत्याउन सक्ने अवस्था रहेन ।

पछिल्लो समयमा आएर डा.भट्टराईले विपक्षी दलहरूलाई सत्ता मोहको कारण राजनैतिक सहमति हुन नसकेको आरोप लगाई रहेका भएपनि त्यस्मा अलिकति पनि सत्याता छैन । २०६९ साल जेष्ठ १४ गते संविधानसभाको हत्या गर्दा २०६९ मंसिर ७ गते संविधानसभाको निर्वाचन गराउने घोषणा प्रधानमन्त्री भट्टराईले गरेका थिए तर निर्वाचन गराउनको लागि आवश्यक पर्ने कानुनी अडचन वाधा विरोधहरू फुकाउने कार्यक्रम भट्टराई सरकारले सिन्को सम्म भाँचेन बरू उल्टो संवैधानीक निकायहरू खाली हुँदै गए निर्वाचन गराउने दायित्व पाएको निर्वाचन आयोगमा दुईजना मात्र आयुक्तहरू रहेको अवस्थामा निर्वाचन गराउने घोषणा गर्नु नै निर्वाचन नगराउने षड्यन्त्र थियो । २०६९ पौष २६ गते निर्वाचन आयोगमा रहेको दुई आयुक्तहरूले समेत अवकास पाइसकेका हुनाले आयोग अहिले पुरै रितीएको छ । आयोगले निर्वाचनको घोषणा भएको १ सय २० दिनका समय आयोगलाई चाहीने जानकारी स्वयम प्रधानमन्त्री भट्टराई धेरै पहिला नै गराई सकेको हुनाले प्रधानमन्त्री भट्टराई र एमाओवादी नेतृत्व आयोगको १ सय विस दिनको समयसीमालाई कटाउन मात्र निर्वाचनको नौटकी गरिरहेका विस्तारै प्रमाणीत हुँदै गएको छ । आउदो जेष्ठ महिना भित्रमा निर्वाचन हुन नसकेको अवस्थमा २०७० साल मंसिर महिनामा मात्र निर्वाचन गराउन सकिने अवस्था भएको हुनाले वर्तमान भट्टराई सरकार नै त्यसबेला सम्म रहने अनुमान गरेर एमाओवादी र मधेसी मोर्चाले साठगाठ गरेर जसरी भए पनि वार्ताको नौटकी गर्दै फागुन १० गतेसम्म वार्ताको नौटकी गर्ने रणनीतिक चलन बाजी गरेको प्रस्ट हुँदै गएको हुनाले निर्माण दलहरूविच सहमति हुन सक्ने अवस्था देखिएको छैन । नयाँ/नयाँ प्रस्ताव ल्याएर तिनै प्रस्तावको बरिपरी १०-१५ दिन घुमाउँदै विपक्षी दलहरूलाई आल्मल्याएर भट्टराई सरकारको आयु बढाउने कार्यमा बाहेक अन्य कार्यमा एमाओवादी सकृय देखिएको छैन । आखिरी किन त ? एकीकृत नेकपा माओवादी विभाजित भएको र पार्टी विभाजित भएको पिडा र भट्टराई सरकारको असफलताले गर्दा एकीकृत नेकपा माओवादी निर्वाचनमा जान चाहिरहेका छैनन् । केही समय पाएको खण्डमा विभाजनको खाल्डो केही पुरीने र सरकारी राज्यकोषमा ब्रम्हलुट मच्चाएर आफ्ना कार्यकर्ताहरूलाई खुशी पारेर जनताकाहाँ पठाउने भित्री रणनीतिका साथ एमाओवादी हिडेको छ । नेपालको इतिहासमै डा.बाबुराम भट्टराई नेतृत्वको सरकार भ्रष्टाचार गर्ने प्रथम भएको छ ऐन नियम र कानुनहरूलाई उल्लघन गर्दै माथिल्लो त्रिशुली ए '३' को क्षमता बृति गर्ने निर्माणको समयावधि बढाउने निर्णय

बाँकी ५ पेजमा

# आतंकवादको निर्देशनमा लोकतन्त्रवाद



राजन कार्की

आश्चर्य, प्रजातन्त्रमा माओवाद मिसिएको भए, लोकतन्त्र हुनेथियो । माओवादमा प्रजातन्त्र मिसिदा लोकतन्त्र सर्वसत्तावाद पो हुने रहेछ । यस्तो बुझेको भए नेपाली कांग्रेस र एमालेले आफूलाई २०६५ साल जेठ १५ गते गणतन्त्र कार्यान्वयनका हतियार बनाउने थिएनन् होला । त्यसपछि बागमतीमा धेरै पानी बग्यो, पानीसँगै सुशासन बग्यो, प्रजातन्त्र बग्यो, खुलापन र स्वाधीनता पनि बग्यो । प्रचण्डदेखि बाबुरामसम्म आइपुग्दा सुनिश्चित नेपालको भविष्य बग्यो । अनिश्चित कहरको सामना गर्नुपर्‍यो । माओवादीलाई डोर्‍याएर जंगलबाट खुला राजनीतिमा ल्याएको दावी गर्ने कांग्रेस, एमालेहरू यतिखेर 'हतारमा गरेको गल्तीमा, टाउको ठोकी ठोकी पश्चाताप' गरिरहेका छन् । यस्तो दिन पनि आयो ।

मलेरियाका खरदार, कम्युनिष्ट चारू मजुमदारको झोला भिरेर भएको ०२८ सालको झापा आन्दोलनपछि नेपालको नेल्शन मण्डेला बने । साह्रै थाकेछन्, आजकल रूद्राक्षको माला जपेर दिनको तीनपल्ट शिवजीको आराधना गर्छन् । नेपाल निर्माताका बंशज व्यापार, राजकाजपछि पूजापाठमा लीन छन् । जनताको छटपटी हेर्ने फुर्सद सबैलाई छ, त्यो छटपटी मेट्न आहुती हुने आँट कसैमा छैन । प्रचण्डलाई तारणहार मानियो, बृद्ध बेश्या तपस्वीनी हुने देशमा तिनको चुरीफुरी पनि बिलाशिताको सागरमा चुर्लुम्मै भएको आरोप तिनकै कार्यकर्ताले लगाइरहेका छन् । ढिलाचाँडो उनले पनि रूद्राक्षका गोटा गन्ने दिन आउन बेर छैन । शान्ति, संविधान, चुनावको नाममा भइरहेको सुशील र झलनाथहरूको आन्दोलनले पनि खोल्साको भ्यागुतो उफ्राइजस्तो सिंहदरवारको सत्तासम्मको भ्रष्टाचार, अपराधिकरण, अनियमितताले तिर्खा मेट्ने प्याक प्याक भएर सुकेको घाँटी रसाउने प्यास यात्रा हो । बिलास इतर कोही छैनन्, बिलास भितर सबै छन् । लोकतन्त्र, जनतन्त्र बगारेर जनतालाई थाङ्नामा सुताएर आफू विलासमा रमाउने अहिलेसम्म लोकतन्त्रको अर्थ यही हो ।

राजाले गद्दी छाडेपछि झुल्केका नेताहरूले गति छाडेको देखियो । राजाका सहयोगीहरूले धर्म छाडे, देश छाडे, सक्रिय राजनीति छाडे, नैतिक जिम्मेवारी छाडे भनेर कोक्किनुको अर्थ छैन । पुरानाहरूको झुल्काझुल्की देखिन्छ, नयाँहरू स्वार्थको गलीमा प्रत्येक दिन गुमास्ता बनिरहेका छन् । गोर्खामा जन्मेर सत्तामा पुग्दैमा सबै भीमसेन थापा हुन सक्ने रहेनछन् । यसको ताजा उदाहरण बाबुराम हुन् । गोर्खाका भीमसेन थापा र गोर्खाकै बाबुराम । कहाँ राजा भोज, कहाँ गंगू तेली ।

अरूले नाचेको र नानीको बाबुले खुट्टा उचालेको भनेर प्रचण्ड हिजोअस्तिमात्र फुइँकी हाक्थे । लेनिनको रूसमा लिंकनको सालिक ठडिन थालेको र माओको चीनको उदार अर्थनीतिको डंका विश्वबजारमा बज्न थालेको बेलामा नेपालका प्रचण्ड 'उत्पादन ब्रिगेड'को सैनिक साँचोमा एमाओवादीलाई ढाल्दैछन् । कम्युनिष्टको कान्छो भाइ नेकपा-माओवादी फागुन १ गतेदेखि जनतन्त्रको लागि बिद्रोह थाल्ने ढोल पिट्न थालेको छ । ४० प्रतिशत युवा भएको मुलुकका युवा खाडी पसेर युवाविहीन बन्दै गएको राष्ट्रमा विदेशी चलखेल व्याप्त हुँदै गएको छ, प्रभावशाली दलहरू ङारङार ङुरङुर गर्दैछन्, यो लोकवाद हो कि टाटवाद ?

इटलीमा मुसोलिनीले प्रजातन्त्रलाई खोर बनाएर सर्वसत्तावाद चलाए, नेपालमा प्रचण्ड-बाबुरामले हिटलरी नाजीवादसरह माओवाद चलाउने दुस्साहस गर्दैछन् । जब कांग्रेसले कूशासनको दाग मेटाउन र राष्ट्रपति बन्न सिद्धान्त छाड्यो, कांग्रेसको ढाडमा टेकेर माओवाद यसरी लोकतान्त्रिक जंगे हुन खोजिरहेको हो । विस्तारित बैठकमा 'नयाँ जनवादी क्रान्तिको बाँकी कार्यभार पूरा गर्न माओवादीलाई नयाँ प्रयोग गरौं' भनेर पारित गरेको माओवादी २१ वर्षपछि एकताको महाधिवेशन पुग्दा आधार इलाकाको नामाकरण उत्पादन ब्रिगेड खडा गर्ने निर्णयमा पुगेको छ । अमर्त्यसेनले डेभेलपमेन्ट अफ फ्रिडममा लेखेका छन् : 'गुलाफमा सुगन्ध हुनैपर्छ ।' लोकतन्त्रको गुलाफ त फुल्यो, सुगन्धबिहीन ।

१९५६ नोभेम्बर १५ का दिन अम्बेडकर नेपाल आए र बुद्धको शरण बरण गरेर हिन्दुत्व त्यागे । उनले बुद्धत्व र मार्क्स एकै सिद्धान्तका हुन् भने । निजी सम्पत्ति हिंसाको कारण हो भन्ने निष्कर्ष निकाले । आज मार्क्सवादी सम्पत्तिको बिलासिताको प्रदर्शन गरिरहेको छन् । यो प्रदर्शनमा हिंसा छ कि छैन ? नेपालका कम्युनिष्टको जीवनशैली सुनको चर्पीको विलास गर्ने रोमानियाको चाउचेस्कु सरह छैन र ? कम्युनिष्टहरू विचारले, जीवनशैलीले सम्मानित होइन, सामन्ती संस्कारी बन्दैछन् । सस्तो गरिब र गरिबीलाई विश्व राजनीतिक हाटमा बेचेर धनी बन्दैछन् । इमानको अनिकाल, निष्ठाको हाहाकार भनेको यही हो । यस्ता राजनीतिक नेताहरूलाई अगुवा बनाएर हामी हाम्रो वर्तमान र भविष्य सुनिश्चित गर्न खोजिरहेका छौं । आश्चर्य छ ।

०४६ पछिका दिनहरूमा फर्केर हेर्दा कांग्रेस, एमालेका नेता-कार्यकर्ताहरूको काचुली फेरियो । ०४७ सालको चुनावपछिको १२ वर्षे शासनकाल कूशासनले कुख्यात रह्यो । चप्पलेहरू लुट मच्चाएर बुट लगाउने भए, छाप्रेहरू महल निवासी बने । प्राडो र पजेरो बाहन यिनको सवारी साधन बन्यो । भ्रष्टाचार र अनियमितताको महामारी नै चम्कियो । पैसाको तडकभडकले पार्टीहरू फुट्न थाले । नयाँ गुट, उपगुट र नयाँ नयाँ पार्टीहरू जन्मिन थाले । समाजमा यिनीहरूप्रति घृणाभाव यसरी उर्लियो कि अन्ततोगत्वा युवाहरू जनयुद्धतिर आकर्षित हुनपुगे । राजा भएका व्यक्ति आफै प्रधानमन्त्री बने । उनी अधर्मी र बिधर्मीहरूको घेरावन्दीमा परेर राजाको बुद्धि भ्रष्ट पारिदिए । राजतन्त्रको साख गिर्‍यो । मौका दियो राजतन्त्रले, मौका छोप्यो विदेशी ताकतले । अतिवादी माओवादीसँग प्रजातन्त्रवादीको मितेरी गाँठो कस्सियो । १९ दिने जनआन्दोलन रोक्न मित लाइदिने गुरुले काश्मिरी राजा हरिसिंहका छोरा करण सिंहलाई अधिवक्ता बनेर खटायो । करण सिंहले २०६३ साल वैशाख ११ गते फसाइदिए । संसद पुनर्स्थापना के भयो, जनयुद्ध गर्ने माओवादी शेर बनेर निस्कियो । त्यसपछि आएको अन्तरिम संविधान, संविधानसभाको जन्म, गणतन्त्र कार्यान्वयन, संविधानसभाको ४ वर्षपछिको मृत्यु र वर्तमान संवैधानिक र राजनीतिक संकटसम्मको ७ वर्षमा नेपालमा जे भयो, त्यो राजनीतिक अत्याचार, राष्ट्रघात, अनैतिक संस्कारमात्र भयो । ऐतिहासिक परिवर्तनबाट मुलुक र जनताको भागमा यातना र प्रताडनामात्र पर्‍यो । बहुदलको न्वारान लोकतन्त्रको नाममा भयो, हिन्दूराज्य धर्मनिरपेक्ष बनाइयो, राजतन्त्रलाई गणतन्त्र नेपाल पारियो, संघीयताको नाममा राष्ट्रिय एकतालाई जातजाति, धर्म, सम्प्रदाय, भाषाभेषमा बिखण्डित पार्ने विषवृक्ष रोपियो ।

यी बितण्डाहरू,यी सबै बर्बादीका श्रृङ्खलाहरू लोकतन्त्रको आवरणमा भएका हुन् । लोकमत सार्वभौमशक्ति मत हुनपर्ने हो तर लोकमतका नाममा शीर्ष दलले निर्णय गरेका छन्, लोकमतको हुर्मत लिएका छन्, अझै लोकमतको महिमा र गरिमाको बलात्कार गरिरहेका छन् । लोकाधिकारको प्रयोग गर्ने पञ्जापत्र लोकले शीर्ष दलहरूलाई दिएका छैनन् तर विदेशी दबाब, आर्थिक प्रलोभन र सर्वसत्तावादी बनेर शीर्ष दलहरूले लोकशक्तिलाई निरीह पारेर आफैलाई सर्वशक्तिमानका रूपमा स्थापित गरिरहेका छन् । भष्मासूर प्रवृत्तिमा प्रवृत्त भएर पार्टीहरू र सरकार भ्रष्टाचार, अपराधिकरण, अनियमितता र अनैतिकताको पोखरीमा 'दूधमा डुबेको माखा' बनेर पौडिरहेका छन् । लोकवादको स्वत्व ०६५ सालको जेठ १५ मै मरेको पनि यिनलाई भेउ छैन ।

हिजोका पञ्चेलाई के गाली गर्नु ? प्रचण्ड गनाइसके । बोलीको ठेगान नभएका र बिलासी भनेर प्रचण्डको नाम लिइन्छ । प्रचण्डकै नेतृत्वमा एमाओवादीको महाधिवेशन भइरहेको छ । १० करोडभन्दा बढी खर्च हुने अनुमान गरिएको छ ।

**४० प्रतिशत युवा भएको मुलुकका युवा खाडी पसेर युवाविहीन बन्दै गएको राष्ट्रमा विदेशी चलखेल व्याप्त हुँदै गएको छ, प्रभावशाली दलहरू ङारङार ङुरङुर गर्दैछन्, यो लोकवाद हो कि टाटवाद ?**

यो खर्चको स्रोत चन्दा भनिएको छ । चन्दाको चहकमहक मकवानपुरमा देखेहरू भन्छन् : यो कम्युनिष्टको अधिवेशन हो कि माफियाकी छोरीको बिहे ? अधिवेशन गर्नुपर्छ र सरलता र पारदर्शिता खोई ? देशका उद्योग बन्द छ, व्यापार मन्द । अपहरण र तस्करी बढ्दो छ । चन्दा आतंक फैलिएको छ । चन्दा हरेक पार्टीले हैसियतअनुसार उठाइरहेका छन् । कर्मचारी, मजदुर, किसान, उद्यमी, व्यापारीले खुशीसाथ चन्दा दिएको छ कि जबरजस्तीमा परेर ? चन्दा दिनेले खल्तीबाट दिन्छ र सत्ताबाट 'कन्सेसन' लिन्छ । कानुन मिचेर चन्दादातालाई 'छुट' दिनु पनि अपराध हो । सबै दल तामझामयुक्त महगा महाधिबेशन गरिरहेका छन् । लोकतन्त्रको आवरणमा अपराधी अनुहार देखाइरहेका छन् । परनिर्भर 'मागेर विकास बजेट चलाउने' मुलुकको निम्छरो अर्थव्यवस्थाको औकात बिर्सेर दौलतको चार चाँदको चहक देखाउनु नयाँ मुसलमानले प्याज धेरै खाएजस्तो भएन र ? पञ्चायतकालमा नहुनेलाई पञ्चदेवलको हण्डी खोलिन्थ्यो र सदावर्त लगाइन्थ्यो । हात थापेर र मुलुक ढाटेर लिएको चन्दा-अधिवेशनले पार्टी वा नेतालाई कति आत्मनिर्भर, उत्पादनशील, नैतिकवान बनाउला ? र, तिनले मुलुकको स्वाधीन अस्तित्व गर्विलो र सम्मानयुक्त सुरक्षित राख्लान् ? एकथरि जनता झाडापखाला लाग्दा सल्फाक्वानाडिन टेब्लेट खान नसक्ने छन् । पार्टीलाई पसल बनाएका नेताहरूको जीवनशैली सम्भ्रान्तमात्र होइन, राजसी ठाँटबाँटयुक्त छ । यस्ता पार्टीका कमरेड नेता प्रधानमन्त्री, शीर्ष नेत ाबनेका छन् जो मुस्ताङ म्याक्स चढेर देखावटी देशप्रेम देखाउँछन् र व्यवहारमा सिंहदरवारबाट ललितपुरको गाउँ पुग्न लाखौंको हेलिकोप्टर चढ्छन् । बिधिलाई कुल्चन्छन् र अपराधीको बरदाता महादेव बन्छन् । वाईसिएल लगाएर प्रेस स्वतन्त्रतामाथि धावा बोल्छन् । न्यायका लागि चित्कार गर्ने नागरिक समाज, महिला हिंसाविरोधीहरूलाई 'डलरमणि' भनेर डाम्छन् । यस्ता बाबुरामहरूको नयाँ खालको क्रान्ति जबरजस्ती उठाएको चन्दाको भुसिलो डकार नभए के हो ?

शीर्ष चार पार्टी छन्, चारै पार्टीमा मुलुकप्रति नैतिकता, सिद्धान्तप्रति सम्मान, जनताप्रति जिम्मेवारी, जीवनशैलीप्रति आदर्शभाव केही पनि बाँकी छैन । मूल सुद्धिकरण नभएपछि बहाव निर्मलीकरण हुनैसक्दैन । अनि कसरी राजनीतिका पवित्र धाराहरू बग्न सक्छन् ? राजनेता बन्नुपर्नेहरू खलनायक बनिरहेका छन् । प्रचण्डले अधिवेशनमा पेश गरेको राजनीतिक प्रस्तावमा सीमा अतिक्रमणबारे जनमत संग्रह गर्नुपर्छ उल्लेख गरेछन् । अनि नागरिक समाजमा तरङ्ग उत्पन्न भयो- कस्तो वाहियात प्रस्ताव ? यस्तो प्रस्तावमा गहन छलफल, आश्चर्य छ । यिनको देशभक्ति नीति कसरी लेन्डुप दोर्जीभन्दा फरक छ भनेर मान्ने ? जन स्वाधीनतालाई एउटा शीर्ष नेता स्वार्थी मनोरञ्जनको लीला बनाउँछन्, मुलुकको अस्तित्व साघुरिन्छ, पहिचान धुमिल हुन्छ । मुलुकको सीमा जंगे पिलरभन्दा जब्बर पिलर बनेर उभिन नसक्ने महाधिवेशनका नायक के नायक ? मकवानपुर महाधिवेशनलाई विश्वले चीलका आँखाले हेरिरहेका छन् । प्रचण्ड, बाबुराम र नारायणकाजी निर्वाचित हुने र अर्को जनयुद्धमा नजाने निर्णयमात्र यो महाधिवेशनको सन्देश हुनुहुन्न । देश र दुनियाँको भलो हुने, अपेक्षा गरिएका र प्रचण्डले फुकेका 'फर्मूला' सहितका शान्ति, सहमति र निर्वाचनका सन्देशहरू आउने र आइन्दा आतंक मच्चाएर होइन सादगीका साथ औकातअनुसारका अधिवेशनहरू हुनेछन् भन्ने निर्णय पनि सार्वजनिक भइदियो भने 'क्यावत् एमाओवादी' हुनेथियो । इमानको अनिकाल, निष्ठाको हाहाकारको स्थितिमा क्रमिक सुधार हुँदै जानेथियो । तर प्रचण्डले त निष्पक्ष न्यायको तराजु बोकेर बसेका प्रधान न्यायाधीशलाई नै आफ्नो पार्टीको उमेदवार भनेर अधिवेशनबाटै पारित गराइदिए । नेपाली दलहरू त छक्क परे परे, विदेशीहरूले समेत एमाओवादीको यो चर्तिकलाई नौटंकी ठान्न पुगेको देखियो ।

# Darker every dawn-India

***Professor Ali Sukhanver***

"They hang the victims upside down; they stab them with sharp instruments, force objects such as chilies or thick sticks into their rectums and most of the time the victims have to face severe beatings, electric shocks and crushing heavy rollers", says a report of Amnesty International on the situation of human rights violation at the hands of Indian forces in the Indian Occupied Kashmir.

Human rights violation is one of the most favourite topics for research and discussion for the western society which feels pride in calling itself a philanthropist society. But unfortunately all its humanitarianism and preaching of kindness comes to an end when the victims of human rights violations are the Muslims. Be it Iraq, Iran, Lebanon, Palestine, Afghanistan or Pakistan; the western countries display the same unconcern and indifference to the situation. And when it is the issue of human rights' violation in the Indian Occupied Kashmir, this cold apathy reaches its climax.

In the blood-dripping valley of Kashmir, every day dawns with fear of new episodes of terror and horror and every sun sets with so many sad incidents of cruelty and brutality in its lap. Today the people of the Indian Occupied Kashmir are living in a hell where all that belongs to them is at stake. Their sons are slaughtered, their daughters are raped, shops are ransacked and homes are burned, the heads of families are kidnapped and kept in illegal detention for years and years by the Indian military troops. The people of the Indian Occupied Kashmir have been facing this worst situation of human rights violation for the last many decades but none of the so-called caretakers of human rights violation is ready or even willing to listen to their painful sighs and cries.

Turning a deaf ear to the agonizing cries of the Kashmiris and crushing all their basic rights has simply become the name of a tradition, a culture and a civilization. The people of the Indian Occupied Kashmir are looking towards the world peace-makers for the remedy of their pains and sorrows. They also want a peaceful and prosperous life of independence liberty and sovereignty. They are waiting for someone who could save them from the clutches of this never-ending series of atrocities.

The unending series of human rights violations is agonizing and painful not only to the people of the Indian Occupied Kashmir but also to the Indian soldiers deputed there in the valley. Most of the officers and soldiers are well aware of the fact that in the name of responsibility and duty they are compelled to support the forces of wickedness and villainy against innocent people but they are unable to detach them from this vicious circle of tyranny and oppression. The situation casts a very negative impact on their personality and as a result of this impact so many soldiers and officers of the Indian army start behaving abnormally; many of them have been declared psycho patients by the doctors. Committing suicide, killing their fellow officers and soldiers with their official weapons and most of the time sexual exploitation of the female members of the army staff; these are very common and frequent incidents.

According to the Kashmir Media Service, since 2003 till today, more than 1000 soldiers and officers from the Indian troops in the Kashmir valley have committed suicide. Only this year till 31st July, more than 62 suicides have been reported in the Indian forces. 2006 was the ever worst year when the number of the suicides in Indian army officers and soldiers touched its climax, i.e. 129.

The Defence Institute of Psychological Research India (DIPR) says in a recent analysis on the increasing trend of committing suicide in the Indian army that mental stress is one of the major causes of suicides in the Indian army. Dr Mushtaq Marghoob, a noted psychiatrist in the Kashmir Valley, says that stress in the Indian armed forces has to be considered an expected outcome, and should be planned for as such. He says, "They too are human being on the forefront, they are witness to severity, and are exposed to traumatic experiences. When facing life-threatening incidents, their coping mechanisms give up, and they fall prey to psychological disorders. A few months back the Rediff News published a report on the increasing number of suicide attempts in the Indian army, the title given to the report was shocking as well as alarming; "Suicides killing more Indian soldiers than wars". Vicky Nanjappa of the Rediff News said in the report, "The Indian army has been in the news and off late, and more often than not, for the right reasons. The startling statistics in this context paint a very grim picture – the number of suicides in the armed forces is on a steady rise."

The situation demands no doubt a care and understanding of a very compassionate and sympathetic nature. The soldiers and officers of the Indian army are not the robots.

They are also living beings blessed with caring hearts and loving brains. The cruelties they are compelled to do against the helpless people of Kashmir, leave a saddening impact on their hearts and brains and ultimately they have to surrender themselves against their own internal emotional pressure which results in form of suicide. The only solution to this crisis is that the people of the Indian Occupied Kashmir must be given the right of self determination. It is the only viable, original and the most universally accepted way out to this problem.

# ब्रिटेनको क्यू गार्डेन र गोदावरी

रोशनकृष्ण रञ्जितकार

त्रिवि विज्ञान संकायका वनस्पति विषयका विद्यार्थीहरूका लागि तथा वनस्पति वैज्ञानिकहरूको अध्ययन तथा अनुसन्धान साथै नेपली जनताहरूले पनि वनस्पतिको अवलोकत गरून् भन्ने हेतुले वेलायतमा भएको क्यू गार्डेनको अवधारणाबाट प्रेरित भएर राजा महेन्द्रले हाम्रो देशमा पनि सोही किसिमको एक उद्यानको परिकल्पना गरेर गोदावरीकमा शाही बनस्पति उद्यानको २०१९ सालमा स्थापना गरेका थिए ।

त्यसवखतदेखि हालसम्म नेपाली जनतालाई उद्यानको अवलोकन गरी मनोरञ्जन लिन वनस्पतिका वैज्ञानिकहरू र विद्यार्थीहरूलाई अध्ययन अनुसन्धानका लागि गोदावरी गए टाढा टाढा जंगल गई भड्किरहनु पर्ने आवश्यकता छैन र अध्ययनका सामग्रीहरू त्यही गोदावरीको वनस्पति उद्यानमा र तयहींरहेको बोटानिकल हर्बेरियम संग्रहालयमा उपलब्ध हुन्छ । गोदावरी उद्यान भनेको सिर्फ मनोरञ्जन गर्ने बगैंचामात्र होइन त्यो त वनस्पति शास्त्रको अध्ययन अनुसन्धान गर्ने संग्रहालय पनि हो । जहाँ सारा नेपालभरिको वनस्पतिहरूको हर्वेरियम (विवरण) सहितको रिजर्भ गरेर राखिएको छ ।

ठूलो मेहेनत गरेर बैज्ञानिक तथा कर्मचारीहरू मेहनत छ गोदावरी उद्वानमा । वनस्पति विज्ञानको अध्ययन गर्न गोदावरी उद्वान पवित्र मन्दिर हो भन्दा हुन्छ । राजा महेन्द्रले वेलायतको क्यू गार्डेनको अवधारणाबाट प्रेरित भएर स्थापना गरेको यो उद्वान देशवासी र विदेशीका लागि पनि अनुपम छ । साथै नेपालमा पाइने जडिबुटी बोटविरूवाहरू सो उद्वानमा विदेशी पाहुनाले समेत रोप्ने गरेका छन् ।

सो उद्वान सिर्फ मनोरञ्जनका लागि मात्र स्थापना गरिउको होइन । यो त अध्ययन अनुसन्धानको लागि पनि हो र यसमा साधारण नेपालीले पनि त्यत्तिकै मनोरञ्जन गरिरहेका छन्, विद्यार्थी ज्ञान हासिल गरिरहेका छन् । सो उद्वान पूर्ण व्यवस्थित रूपमा चलिरहेको छ । यो उद्वानमा आजसम्म ठूलो भ्रष्टाचार भएको सुनिएको छैन । उद्वानबाट राम्रो आम्दानी पनि भइरहेको छ । सरकारले ३० लाख बजेट दिन्छ, आम्दानी ३५ लाखभन्दा बढी हुनेगरेको छ । यो दृष्टिबाट हेर्दा उद्वान आत्मनिर्भर पनि छ । बाबुराम सरकार आएपछि हिसिला यमीको भ्रष्ट आँखा यस उद्वानमा परेर ठेक्कामा दिने प्रयास गरेको समाचारले ठूलै तरङ्ग ल्याएको थियो । तर, अहिलेसम्म हिसिलाका भ्रष्ट नङ्ग्राहरूले यो उद्वानलाई चिथोर्न सकेको छैन ।

अनेक प्रयास र प्रयत्न गरेर देशका सुगम र दुर्गम स्थानहरूमा रहेका बिज, बिउ, बुटीहरूको संकलन गरेर उद्वानलाई उद्वान बनाइएको हो । यस्तो ख्यातियुक्त उद्वानलाई रिसोर्टमा बदलेर बदनाम गर्न र पैसा कमाउन बाबुरामजस्ता बुद्धिजीवीकी श्रीमती लाग्नु भनेको देशको दुर्भँग्य हो । यो उद्वानको महिमा र गरिमा समाप्त पार्न बाबुराम लाग्नु भनेको उनको सतही र हलुका बुद्धिको स्तरको मापन पनि हो ।

राज्यको कैयौंदशक, श्रम। आर्थिक र वैज्ञानिकहरूको मेहनतलाई एउटा पार्टीका व्यक्तिले आर्थिक लाभका लागि, आफन्त पोस्नका लागि ठेक्कामा लगाउने प्रयास गर्नु हदैसम्मको अनुचित कर्म हो । हर्वेरियम वैज्ञानिकहरू र कर्मचारीहरूले ठेक्कामा लगाउने प्रयासको विरोध गरेका छन् र यस्तो विरोध आम जनता तथा विज्ञान संकायका विद्यार्थीले पनि आन्दोलन गर्नु विद्यार्थी धर्म हुनजानेछ ।

हर्वेनियम भनेको म्यूजियम हो, हाम्रो राष्ट्रिय संग्रहालय जसतै । के राष्ट्रिय अन्तर्राष्ट्रिय सूचीमा रहेका सम्पदाहरू पनि ठेकेदारलाई दिने ? सरकारको काम भनेको प्रतिपक्षीलाई दबायो बस्यो, ठूला ठूला भाषणवाजी गर्‍यो, सबै काम ठेकेदारलाई देउ भइहाल्यो ?

यो वनस्पति उद्यान कुनै पनि हालतमा ठेक्मा दिनु हुँदैन । वैज्ञानिक तथा कर्मचारीहरूको मेहनत कसैलाई बेच्नु हुँदैन । यो राष्ट्रिय संग्रहालय हो, ठेक्कामा लगाएर सरकार पनि ठेक्कामा दिए भइहाल्यो र बाबुरामजी आनन्दले आराम कुर्सीमा खुट्टा हल्लाई हल्लाई बसिरहे भइहाल्यो । होइन भने, राष्ट्रिय महत्वका यस्ता उद्वानले पनि देशको प्रतिनिधित्व र परिचय दिइरहेका हुन्छन् भनेर सत्तामा पुग्नेले किन नबुझेको होला । खाली पैसा, स्वार्थ र शक्ति भएर मात्र हुन्छ, मुलुकको परिचय चाहिन्न ?

**ठूलो मेहेनत गरेर बैज्ञानिक तथा कर्मचारीहरू मेहनत छ गोदावरी उद्वानमा । वनस्पति विज्ञानको अध्ययन गर्न गोदावरी उद्वान पवित्र मन्दिर हो भन्दा हुन्छ । राजा महेन्द्रले वेलायतको क्यू गार्डेनको अवधारणाबाट प्रेरित भएर स्थापना गरेको यो उद्वान देशवासी र विदेशीका लागि पनि अनुपम छ ।**

# अन्तरबिबाद चर्कियो मधेशी मोर्चाभित्र

*- बी.पी. साह*

एकीकृत नेकपा माओवादीसँग चारबुँदे सम्झौता गरेर संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा बाबुराम सरकारको बलियो जग बन्यो । मोर्चाकै बलले डा.बाबुरामले विपक्षी दललाई परास्त गर्ने क्षमता आर्जन गर्नुको साथै विपक्षी दललाई कोल्हु शैलीमा घुमाउन सफल भए । मधेशी मोर्चाकै नेताहरूलाई प्रयोग गरेर कमरेड प्रचण्डले त्यागी एवं युवा नेता सुशील दाईलाई पनि अर्धनग्न बनाए । खाँटी संघीयतावादी शक्ति मधेशी मोर्चाको टाउको देखाएर प्रचण्ड संघीय लोकतान्त्रिक गणतान्त्रिक गठबन्धनको बागडोर पनि सम्हाले । प्रचण्डले विपक्षी दललाई आछँयु-आछँयु मात्र होइन काँग्रेस-एमालेबाट क्रान्तिकारी तथा संघीयता पक्षधरहरूलाई बाहिर पनि ल्याए र अर्का संघीयतावादी शक्तिको जन्म दिलाए । सम्भवतः केही दिनमै कांग्रेस-एमालेबाट बाहिरिएका क्रान्तिकारी एवं संघीयताका पक्षधरहरु कमरेड प्रचण्डकै सेल्टरमा आउनेछ ।

मधेशी टाउको देखाएर डाक्टर बाबुरामले अर्को डाक्टरलाई पनि तर्साउन सफल भए । संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाका मन्त्री तथा नेताहरूलाई ढाल बनाएर डाक्टर बाबुरामले महामहिम डाक्टर रामवरण यादवलाई तछाडमछाड पारे । मधेशी टाउकाहरु हेरेरै डाक्टर यादव तर्सिए र विवश पनि भए । मधेशी टाउकाका अगाडि डाक्टर महामहिमलाई नै विपक्षी दलले लगाई दिएको इन्जेक्सन फेल भयो । विपक्षी दलका नेताहरुले महामहिम डाक्टर यादवलाई सहयोग गर्न मधेशी मोर्चाका नेताहरूलाई घरमै बोलाएर चियापान गराए । तर प्रचण्ड मोह र प्रधानमन्त्री बन्ने छिसमिसे सपनाका कारण मधेशी मोर्चाका दिग्गज नेताद्वय महन्थ ठाकुर र विजय गच्छदारले आफ्ना मातृ पार्टीको चियाको गुण चुकाएनन् । मोर्चाका नेताद्वयले आफ्नै मातृ पार्टीका सदाबहार दाई अर्थात् सुशील दाईको बात मानेन् । उल्टै सुशीललाई नै संघीयता र मधेश मुद्दामा प्रस्ट हुन धम्की दिएर आए । मोर्चाका नेताहरूलाई प्रचण्डले स्यावासी पनि दिए तर त्यतीबेला मोर्चाका नेताहरु अचेत अवस्थामा थिए ।

समय ढल्दै जाँदा मोर्चाका नेताहरूको चेत खुल्न थालेको छ । सरकारमा सामेल भएपछि औपचारिक रूपमा तेस्रो पटक बसेको मोर्चाको बैठकमा मोर्चाका नेताहरु प्रस्ट हुँदै गएका छन् । महँगो रिसोर्टमा भएको मोर्चाको बैठकमा

मन्त्रीहरूलाई मोर्चाकै नेताहरूले निकै पखालेका छन् । मोर्चाबाट मन्त्री बनेकाहरु उक्त बैठकमा आँशु मात्रै झारेनन् बाँकी सबै खाले रोदनहरु पेस गरे । मधेशी मोर्चाका युवा नेता तथा कुनै कारणवश मन्त्री बन्न नसकेका नेताहरूका कारण मधेशी मन्त्रीहरुले अन्त्यमा आत्मालोचनासमेत गर्नु परेको छ । मधेशी मन्त्रीहरूले आत्मालोचना गर्नुपर्ने कारण चारबुँदे नै हो । जुन चारबुँदेले कुर्सी दियो, त्यही चारबुँदेले रूवायो । यसबाट प्रस्ट हुँदैछ कि संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाका अन्य नेताहरु भावी दिनका लागि पनि सोच्न बाध्य भएका छन् । कमरेड प्रचण्डकै सेल्टरमा बसेर मधेशी मोर्चाले युद्ध जित्ने सम्भावना नरहेको मधेशी मोर्चाका नेताहरूलाई ज्ञात भएको छ । मोर्चाका नेताहरूले अब एकीकृत माओवादीलाई पनि 'उही ड्यागंको मुला' भएको ठम्याइसकेका छन् ।

मधेशी मोर्चाका घटक दलका सुप्रिमोहरूले नै एकीकृत माओवादी पनि संघीयता नचाहेको अभिव्यक्ति दिन थालेका छन् । चारबुँदे सम्झौता मोर्चालाई सरकारमा ल्याउने एकीकृत माओवादीको फरमुला मात्र भएको मोर्चाका नेताहरूले चाल पाएका छन् । अब मोर्चाका नेताहरु आन्दोलनको धम्की पनि दिन थालेका छन् । कुनै समयमा एकीकृत माओवादीकै हनुमानका रुपमा उभिएका उपेन्द्र यादव मधेशमा आन्दोलन गर्ने चेतावनीका साथ मधेश दोडाहामा छन् । उपेन्द्र एकीकृत माओवादीबाट पीडित भइसकेका छन् ।

र, काँग्रेस एमालेलाई संघीयता विरोधीको बिल्ला भिडाइएको कारण उपेन्द्र अहिले अलपत्र परेका छन् । न त उनी विपक्षीको टोलीमा जान सकेका छन् न त एमाओवादीको सेल्टरमा सामिल हुन सकेका छन् । उनी पनि आन्दोलनको तयारीमा छन् । आखिर उपेन्द्र यादवले कसको विरुद्धमाा आन्दोलन गर्ने त ? वा संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा कसको विरुद्धमा आन्दोलन गर्ने ? विपक्षीको तर्फबाट उपेन्द्र यादवसहितकाले आन्दोलन गरे मोर्चासँग ठोकिन्छ । मोर्चाले विपक्षी विरुद्ध आन्दोलन गरे उपेन्द्र यादवसँग ठोकिन्छ । दुबैले आन्दोलन गरे मधेशमा मुठभेड हुने निश्चिय नै छ । त्यसकारण अहिलेको अवस्थामा संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा वा उपेन्द्र यादव एक्लैले आन्दोलन गरे मधेशका माग पुरा हुने सम्भावना छैन । वर्तमान अवस्थाको विश्लेषण गर्दै मधेशवादी दलहरु एउटै मोर्चामा सहभागी हुनु पर्ने आवश्यकता छ । मधेशवादी दलहरु अलग-अलग रुपमा आन्दोलनमा गए मधेशमा मुठभेड हुनेछ जसबाट मधेशी जनतामा मधेशवादी दलप्रति नै आक्रोश पैदा हुनेछ । र, मधेशवादी दलहरूले नै क्षति व्यहोर्नुपर्ने छ ।

*(मधेश दर्पण फिचर सेवा)*

# रोजगारदातालाई चन्दा आतंक

***पुष्कलराज पन्त***

केही दिनदेखि मोवाइल उठाउन दिक्क लाग्न थालेको छ। चिनेको र जानेको नम्बरबाहेक आउने मोवाइल नम्बर उठाउन साह्रै सोच्नुपर्ने अवस्था छ । यो मेरो अवस्था मुलुकमा व्यवसाय गर्ने, आमनागरिलाई रोजगार दिने र सरकारलाई कर तिरेर योगदाने लगीकर्ता सबैलाई यस्तै भएको छ । हामीले के सोचेर देशमा परिवर्तन ल्यायौं, सबैले ठण्डा दिमागले सोच्नुपर्नै स्थिति छ ।

नेपालको सुरक्षास्थिति अत्यन्तै गम्भीर मोडमा पुगिसकेको छ । घरबाट निस्केको व्यक्ति घर फर्कन्छ कि फर्कदैन ? भन्ने त्रासदी फैलिसकेको छ । मुलुकको अस्तित्व, सार्वभौमसत्ता, स्वतन्त्रता अव पछिका दिनमा सम्फिदा अर्को देशको दासत्वमा पुग्ने हो कि भन्ने लक्ष्यणहरू देखिन थालेका छन् ।

सहअस्तित्व मुलुकको विशेषता थियो । यस्तो मिलेर बसेको समाजलाई जातभात, जातीयता र धर्मको नाउँमा बिखण्डन र बिभाजनमात्र होइन, एकदोस्रालाई लडाइँदैछ, भिडाइँदैछ । सरकार छ, सरकारभन्दा शक्तिशाली बनेका छन् एनजीओ, आइएनजीओहरू । यिनकामार्फत डलर भित्रिरहेको छ । समानान्तर सरकार चलाइरहेका छन् । डलर लगानी गर्ने मुलुकले धर्मको आडमा आफ्नो वर्चस्व कायम गर्न, जातजातिको नाममा मुलुकमा काटमार र रगतको खोलो बगाउन र अस्थिरता नियन्त्रण गर्ने नाममा विदेशी सेना नेपालमा भित्र्याउने षडयन्त्र भइरहेको सबैले अनुभव गरिरहेका छौं ।

विपक्षीले सरकार परिवर्तनको माग राख्नु स्वभाविक हो । सरकार पक्षसमेत सडकमा उत्रेको छ । रक्तपात मच्चाउने काममा सरकार पक्ष नै लागेको देखिन्छ । पत्रकारलाई जिउँदै गाड्ने हत्यारालाई बचाउन सरकार लागेको छ र बिधिको शासन माँग्नेहरूमाथि सरकार चरम दमन गर्न उतारू भएको छ । अपराधिहरूलाई सरकारले संरक्षण दिएको मात्र होइन, राजनीतिलाई नै अपराधिकरण गरिरहेको देखिन्छ । सत्तारूढ दलका गुण्डाहरू रोजगारदाताका कार्यालय, उद्योग, व्यापार र घरघरमा घुसेर, फोन गरेर, एसएमएस गरेर 'चन्दा नदिए जे पनि हुनसक्छ' भन्ने त्रासदी फैलाइरहेका छन् । राज्य यस्ता आततायीहरूको मोवाइल खिचेर छानबिन गर्न चासो राखिरहेको छैन किनभने यी आततायीहरू सरकारका पाल्तु गुण्डा हुन् ।

जसलाई जनतासँग भोट माग्नु छैन, जसलाई जनमतको कदर छैन, त्यस्ताले बाहुबलीको आधारमा सत्ता कब्जा गरेको र गर्छु भन्ने मानसिकता राखेको देखिन्छ । रोजगारदाताहरूलाई प्रोत्साहन दिनुपर्ने राज्यमा बस्नेको गोवर भरिएको मनस्थितिका कारण गुण्डागर्दी व्याप्त हुनपुगेको छ । अहिले आम जनता मर्कामा छन्, रोजगारदाता पनि ज्यादै मर्कामा परेका छन् । यो मर्कालाई फुकाउन र सहज वातावरण बनाउन विपक्षी दलहरू पनि सक्षम भएका छैनन् । भनौं उनीहरू अघि सरेकै छैनन् । सबैलाई थाहा छ, सरकारमा बस्ने पार्टीहरू चन्दा आतंक मच्चाइरहेका छन् । यस्तो सरकारले सुशासनको दुहाई दिनु आश्चर्य छ । राज्यले कर उठाउन कडाइ गरेको छ । पार्टीहरूले चन्दा उठाउन आतंक फैलाएका छन् । सरकारले कडाइ गर्नु बुझ्न सकिन्छ तर पार्टीहरू अनुत्तरदायी हुनु र सरकारमा बस्नेले सकेसम्म भ्रष्टाचार गर्नुले देशको दोहन भइरहेको छ ।

# राष्ट्रपतिको नेतृत्वमा...

गरेर चीनीया कम्पनीलाई ४ अर्व रुपैया दिने निणर्य छ त्यसैगरी सार्वजनीक खरिद ऐनको उल्लघन गर्दै अन्तराष्ट्रिय उडानको मान्यता नै नपाएका चिनिया कम्पनीबाट जाहान खरीद गर्ने निर्णय गरेको छ । सार्वजनिक खरिद ऐन अनुसार १० लाख भन्दा माथिको सामान खरिद गर्नुपरेका अवस्थामा टेण्डर प्रकृय अपनाएर प्रतिर्स्धाको आधारमा खरीद गर्नु पर्नेमा सिधै मन्त्रीपरिषद्को वैठकबाट निर्णय गरेर जहाज खरिद गर्ने निर्णय गरिएको छ ।

यी त केही उदाहाराणहरू मात्र हुन । काम चलाउन सरकारले मुलुकलाई दुरगामी असर पर्ने खालका कुनै निर्णयहरू नगर्ने विश्वव्यापी सिद्धान्तलाई उल्लघन गर्दै भ्रष्टाचार गर्नेको लागि सामान्य भन्दा सामान्य निर्णयहरू पनि मन्त्रिपरिषद्को बैठकबाट निर्णय गर्ने गरेर अख्तियार दुरपयोग अनुसन्धान आयोगलाई छानवीन गर्नबाट वञ्चीत गरिएको छ । अख्तियार दुरपयोग अनुसन्धान आयोगले मन्त्रीपरिषद्ले गर्ने गरेका नीतिगत निर्णयहरूमा छानवीन गर्न नसक्ने भएको हुनाले नै गैरकानुनी निर्णयहरू मन्त्रीपरिषद्बाटै गर्ने गरीएको मन्त्रिपरिषद्का निर्णयहरूलाई हेरेमा प्रस्ट हुन्छ ।

माथि दिएका यी सवै कारणहरूले गर्दा नै एकीकृत नेकपा माओवादीले सम्भावित खतरालाई टार्न र भट्टराई सरकारले गरेका अवैधानीक कार्यहरूबाट बच्नकै लागि बहालवाला प्रधानन्याधिशलाई चुनावी सरकारको प्रधानमन्त्री बनाउनु पर्ने सर्त अगाडि सारीएको प्रष्ट छ संसद नभएको बेला न्यायपालिका प्रमुखलाई कार्यकारी प्रधानमन्त्री बानाउँदा लोकतान्त्रिक व्यवस्थाको खिल्ली उडाउने भएपनि एमाओवादी बहालवाला प्रधानन्याधिसको पक्षमा वकालत गरी रहेकोले उसले जेष्ठ महिनामित्र निर्वाचन नहोस भन्ने नै चाहेको पुष्टी भएको छ । राजनीति भनेको नितिहरूको मूल निति भउको हुनलो राजनीतिलाई नै मुलुको मूल नीति मानिन्छ । राजनीतिमा पछिल्लो पटक अपराधीक करण गरेर राजनीतिमा अपराधीकरण गरेको छ । प्राय सवै दलहरूमा अपराधीहरूलाई प्रवेश गराउने होडबाजी नै चलेको छ । मुलुकमा शान्ति सुरक्षाको अवस्था भयावद भएको छ । अपराधीहरूलाई सरकारी सरक्षण भएको हुनाले अपराधीहरूको मनोबलवृद्धि भएको छ । कुनै बेला अदालतले अन्याय गऱ्यो भनेर अदालतका न्यायधिसहरुका विरुद्ध नारावादी गर्दै अदालतको आदेशलाई घोटी लाउने एमाओवादीले अहिले त्यही अदालतका प्रधानन्यायधिसलाई प्रधानमन्त्री बनाउने घोषणा गर्नु सवै अपराधहरूबाट आफू र आफ्ना कार्यकर्ताहरूलाई उन्मुति दिने प्रयास गर्नु बाहेक केही हुन सक्दैन । सर्वोच्च अदालतले भट्टराई सरकारले गरेका ५७ वटा निर्वाचितलाई अन्तरीम आदेशद्धारा रोकिदिएको छ । केही आदेशत तिनै एमाओवादीले प्रधानमन्त्रीको उम्मेदवार बनाएका प्रधानन्यायधिसको इजलासबाटै भएका छन् । अर्को विडम्वना नै मानीनु पर्दछ, मुलुकका राजनैतिक दलहरू तिनै प्रधानन्यायधिसको पष र विपक्षमा उभिएका भए पनि प्रधानन्यायधिश भने मौन बसेर भैन सहमति लक्ष्मण भने सिद्धान्तलाई पालना गरी रहेका हुनलो प्रधानन्यायधिस रेग्मीले हालसम्म न्याय सेवामा बसेर कमइएको इज्जत र सम्मानलाई समेत दाग लगाएका छन् ।

यी सबै कारणहरूले गर्दा अब दलहरू विच पहिला राजनैतिक दलहरूकै विचमा प्रधानमन्त्री बनाउने सहमति हुनु पर्दछ । यदि यस्मा सहमति हुन नसेको खण्डमा पूर्व प्रधानन्यायधिस वा कुनै स्वतन्त्र व्यक्तिको नेतृत्वमा सानो चुस्त सरकार बनाउने निर्णय गरीनु उपयुक्त हुन्छ । यदि त्यस्मा पनि सहमति हुन नसकेको खण्डमा राष्ट्रपति डा.रामवरण यादवको अध्यक्षमा निर्वाचन सम्भका लागि मन्त्रीपरिषद् गठन गरेको खण्डमा निकासको बाटो फुक्न सक्छ । यसरी राष्ट्रपतिको अध्यक्षतामा बनेको सरकारले मन्त्रीपरिषद्का वरिष्ठ सदऱ्याको नेतृत्वमा निर्णय गरेर राष्ट्रपतिको उपस्थितिमा निर्णयहरू पास गरी कार्यन्वयन गराएको खण्डमा त्यो सवै भन्दा उपयुक्त माग हुन सक्छ । राष्ट्रपतिको अध्यक्षतामा बन्ने सरकारमा प्राय सवै दलका निर्वाचन नलग्ने व्यक्तिहरू समिलित गराएर बाधा अड्काउ फुकाउने अगाडि बढेर स्वतन्त्र विष्पक्ष निर्वाचन गराएमा कसैको विरोध नहुन सक्छ ।

devendrachudal@gmail.com

# गाईजात्रे पर्वजस्तो राजनीति

*डा. विमल*

प्रजातन्त्रमा माओवाद मिसिएको भए, लोकतन्त्र हुनेथियो । माओवादमा प्रजातन्त्र मिसिदा लोकतन्त्र सर्वसत्तावाद पो हुने रहेछ । यस्तो बुझेको भए नेपाली कांग्रेस र एमालेले आफूलाई २०६५ साल जेठ १५ गते गणतन्त्र कार्यान्वयनका हतियार बनाउने थिएनन् होला । त्यसपछि बागमतीमा धेरै पानी बग्यो, पानीसँगै सुशासन बग्यो, प्रजातन्त्र बग्यो, खुलापन र स्वाधीनता पनि बग्यो । प्रचण्डदेखि बाबुरामसम्म आइपुग्दा सुनिश्चित नेपालको भविष्य बग्यो । अनिश्चित कहरको सामना गर्नुपर्‍यो । माओवादीलाई डोर्‍याएर जंगलबाट खुला राजनीतिमा ल्याएको दावी गर्ने कांग्रेस, एमालेहरू यतिखेर 'हतारमा गरेको गल्तीमा, टाउको ठोकी ठोकी पश्चाताप' गरिरहेका छन् । यस्तो दिन पनि आयो ।

मलेरियाका खरदार, कम्युनिष्ट चारू मजुमदारको झोला भिरेर भएको ०२८ सालको झापा आन्दोलनपछि नेपालको नेल्शन मण्डेला बने । साह्रै थाकेछन्, आजकल रूद्राक्षको माला जपेर दिनको तीनपल्ट शिवजीको आराधना गर्छन् । नेपाल निर्माताका बंशज व्यापार, राजकाजपछि पूजापाठमा लीन छन् । जनताको छटपटी हेर्ने फुर्सद सबैलाई छ, त्यो छटपटी मेट्न आहुती हुने आँट कसैमा छैन । प्रचण्डलाई तारणहार मानियो, बृद्ध बेश्या तपस्वीनी हुने देशमा तिनको चुरीफुरी पनि बिलाशिताको सागरमा चुर्लुम्मै भएको आरोप तिनकै कार्यकर्ताले लगाइरहेका छन् । ढिलाचाँडो उनले पनि रूद्राक्षका गोटा गन्ने दिन आउन बेर छैन । शान्ति, संविधान, चुनावको नाममा भइरहेको सुशील र झलनाथहरूको आन्दोलनले पनि खोल्साको भ्यागुतो उफ्राइजस्तो सिंहदरवारको सत्तासम्मको भ्रष्टाचार, अपराधिकरण, अनियमितताले तिर्खा मेट्ने प्याक प्याक भएर सुकेको घाँटी रसाउने प्यास यात्रा हो । बिलास इतर कोही छैनन, बिलास भित्र सबै छन् । लोकतन्त्र, जनतन्त्र बगारेर जनतालाई थाङ्नामा सुताएर आफू विलासमा रमाउने अहिलेसम्म लोकतन्त्रको अर्थ यही हो ।

राजाले गद्दी छाडेपछि झुल्केका नेताहरूले गति छाडेको देखियो । राजाका सहयोगीहरूले धर्म छाडे, देश छाडे, सक्रिय राजनीति छाडे, नैतिक जिम्मेवारी छाडे भनेर कोक्किनुको अर्थ छैन । पुरानाहरूको झुल्काझुल्की देखिन्छ, नयाँहरू स्वार्थको गलीमा प्रत्येक दिन गुमास्ता बनिरहेका छन् । गोर्खामा जन्मेर सत्तामा पुग्दैमा सबै भीमसेन थापा हुन सक्ने रहेनछन् । यसको ताजा उदाहरण बाबुराम हुन् । गोर्खाका भीमसेन थापा र गोर्खाकै बाबुराम । कहाँ राजा भोज, कहाँ गंगू तेली ।

अरूले नाचेको र नानीको बाबुले खुट्टा उचालेको भनेर प्रचण्ड हिजोअस्तिमात्र फुइँकी छाड्थे । लेनिनको रूसमा लिंकनको सालिक ठडिन थालेको र माओको चीनको उदार अर्थनीतिको डंका विश्वबजारमा बज्न थालेको बेलामा नेपालका प्रचण्ड 'उत्पादन ब्रिगेड'को सैनिक साँचोमा एमाओवादीलाई ढाल्दैछन् । कम्युनिष्टको कान्छो भाइ नेकपा–माओवादी फागुन १ गतेदेखि जनतन्त्रको लागि बिद्रोह थाल्ने ढोल पिट्न थालेको छ । ४० प्रतिशत युवा भएको मुलुकका युवा खाडी पसेर युवाविहीन बन्दै गएको राष्ट्रमा विदेशी चलखेल ब्याप्त हुँदै गएको छ, प्रभावशाली दलहरू झारझार डुरडुर गर्दैछन्, यो लोकवाद हो कि टाटवाद ?

इटलीमा मुसोलिनीले प्रजातन्त्रलाई खोर बनाएर सर्वसत्ताबाद चलाए, नेपालमा प्रचण्ड–बाबुरामले हिटलरी नाजीवादसरह माओवाद चलाउने दुस्साहस गर्दैछन् । जब कांग्रेसले कूशासनको दाग मेटाउन र राष्ट्रपति बन्न सिद्धान्त छाड्यो, कांग्रेसको ढाडमा टेकेर माओवाद यसरी लोकतान्त्रिक जंगे हुन खोजिरहेको हो । विस्तारित वैठकमा 'नयाँ जनवादी क्रान्तिको बाँकी कार्यभार पूरा गर्न माओवादीलाई नयाँ प्रयोग गरौं' भनेर पारित गरेको माओवादी २१ वर्षपछि एकताको महाधिवेशन पुग्दा आधार इलाकाको नामाकरण उत्पादन ब्रिगेड खडा गर्ने निर्णयमा पुगेको छ । अमर्त्यसेनले डेभेलपमेन्ट अफ फ्रिडममा लेखेका छन् : 'गुलाफमा सुगन्ध हुनैपर्छ ।' लोकतन्त्रको गुलाफ त फुल्यो, सुगन्धविहीन ।

१९५६ नोभेम्बर १५ का दिन अम्बेडकर नेपाल आए र बुद्धको शरण बरण गरेर हिन्दुत्व त्यागे । उनले बुद्धत्व र मार्क्स एकै सिद्धान्तका हुन् भने । निजी सम्पत्ति हिंसाको कारण हो भन्ने निष्कर्ष निकाले । आज मार्क्सवादी सम्पत्तिको बिलासिताको प्रदर्शन गरिरहेको छन् । यो प्रदर्शनमा हिंसा छ कि छैन ? नेपालका कम्युनिष्टको जीवनशैली सुनको चर्पीको विलास गर्ने रोमानियाको चाउचेस्कु सरह छैन र ? कम्युनिष्टहरू विचारले, जीवनशैलीले सम्मानित होइन, सामन्ती संस्कारी बन्दैछन् । सस्तो गरिब र गरिबीलाई विश्व राजनीतिक हाटमा बेचेर धनी बन्दैछन् । इमानको अनिकाल, निष्ठाको हाहाकार भनेको यही हो । यस्ता राजनीतिक नेताहरूलाई अगुवा बनाएर हामी हाम्रो वर्तमान र भविष्य सुनिश्चित गर्न खोजिरहेका छौं । आश्चर्य छ ।

०४६ पछिका दिनहरूमा फर्केर हेर्दा कांग्रेस, एमालेका नेता–कार्यकर्ताहरूको कुाचुली फेरियो । ०४७ सालको चुनावपछिको १२ वर्षे शासनकाल कूशासनले कुख्यात रह्यो । चप्पलेहरू लुट मच्चाएर बुट लगाउने भए, छाप्रेहरू महल निवासी बने । प्राडो र पजेरो बाहन यिनको सवारी साधन बन्यो । भ्रष्टाचार र अनियमितताको महामारी नै चम्कियो । पैसाको तडकभडकले पार्टीहरू फुट्न थाले । नयाँ गुट, उपगुट र नयाँ नयाँ पार्टीहरू जन्मिन थाले । समाजमा यिनीहरूप्रति घृणाभाव यसरी उर्लियो कि अन्ततोगत्वा युवाहरू जनयुद्धतिर आकर्षित हुनपुगे । राजा भएका व्यक्ति आफैं प्रधानमन्त्री बने । उनी अधर्मी र बिधर्मीहरूको घेरावन्दीमा परेर राजाको बुद्धि भ्रष्ट पारिदिए । राजतन्त्रको साख गिर्‍यो । मौका दियो राजतन्त्रले, मौका छोप्यो विदेशी ताकतले । अतिवादी माओवादीसँग प्रजातन्त्रवादीको मितेरी गाँठो कस्सियो । १९ दिने जनआन्दोलन रोक्न मित लाइदिने गुरूले काश्मिरी राजा हरिसिंहका छोरा करण सिंहलाई अधिवक्ता बनेर खटायो । करण सिंहले २०६३ साल वैशाख ११ गते फसाइदिए । संसद पुनर्स्थापना के भयो, जनयुद्ध गर्ने माओवादी शेर बनेर निस्कियो । त्यसपछि आएको अन्तरिम संविधान, संविधानसभाको जन्म, गणतन्त्र कार्यान्वयन, संविधानसभाको ४ वर्षपछिको मृत्यु र वर्तमान संवैधानिक र राजनीतिक संकटसम्मको ७ वर्षमा नेपालमा जे भयो, त्यो राजनीतिक अत्याचार, राष्ट्रघात, अनैतिक संस्कारमात्र भयो । ऐतिहासिक परिवर्तनबाट मुलुक र जनताको भागमा यातना र प्रताडनामात्र पर्‍यो । बहुदलको न्वारान लोकतन्त्रको नाममा भयो, हिन्दूराज्य धर्मनिरपेक्ष बनाइयो, राजतन्त्रलाई गणतन्त्र नेपाल पारियो, संघीयताको नाममा राष्ट्रिय एकतालाई जातजाति, धर्म, सम्प्रदाय, भाषाभेषमा बिखण्डित पार्ने विषवृक्ष रोपियो ।

यी बितण्डाहरू,यी सबै बर्बादीका श्रृङ्खलाहरू लेकतन्त्रको आवरणमा भएका हुन् । लोकमत सार्वभौमशक्ति मत हुनपर्ने हो तर लोकमतका नाममा शीर्ष दलले निर्णय गरेका छन्, लोकमतको दुर्मत लिएका छन्, अझै लोकमतको महिमा र गरिमाको बलात्कार गरिरहेका छन् । लोकाधिकारको प्रयोग गर्ने पञ्जापत्र लोकले शीर्ष दलहरूलाई दिएका छैनन् तर विदेशी दबाब, आर्थिक प्रलोभन र सर्वसत्तावादी बनेर शीर्ष दलहरूले लोकशक्तिलाई निरीह पारेर आफैलाई सर्वशक्तिमानका रूपमा स्थापित गरिरहेका छन् । भष्मासूर प्रवृत्तिमा प्रवृत्त भएर पार्टीहरू र सरकार भ्रष्टाचार, अपराधिकरण, अनियमितता र अनैतिकताको पोखरीमा 'दूधमा डुबेको माखा' बनेर पौडिरहेका छन् । लोकवादको स्वत्व ०६५ सालको जेठ १५ मै मरेको पनि यिनलाई भेउ छैन ।

हिजोका पञ्चेलाई के गाली गर्नु ? प्रचण्ड गनाइसके । बोलीको ठेगान नभएका र बिलासी भनेर प्रचण्डको नाम लिइन्छ । प्रचण्डकै नेतृत्वमा एमाओवादीको महाधिवेशन भइरहेको छ । १० करोडभन्दा बढी खर्च हुने अनुमान गरिएको छ । यो खर्चको स्रोत चन्दा भनिएको छ । चन्दाको चहकमहक मकवानपुरमा देख्नेहरू भन्छन् : यो कम्युनिष्टको अधिवेशन हो कि माफियाकी छोरीको बिहे ? अधिवेशन गर्नुपर्छ र सरलता र पारदर्शिता खोई ? देशका उद्योग बन्द छ, व्यापार मन्द । अपहरण र तस्करी बढ्दो छ । चन्दा आतंक फैलिएको छ । चन्दा हरेक पार्टीले हैसियतअनुसार उठाइरहेका छन् । कर्मचारी, मजदुर, किसान, उद्यमी, व्यापारीले खुशीसाथ चन्दा दिएको छ कि जबरजस्तीमा परेर ? चन्दा दिनेले खल्तीबाट दिन्छ र सत्ताबाट 'कन्सेसन' लिन्छ । कानुन मिचेर चन्दादातालाई 'छुट' दिनु पनि अपराध हो । सबै दल तामझामयुक्त महगा महाधिबेशन गरिरहेका छन् । लोकतन्त्रको आवरणमा अपराधी अनुहार देखाइरहेका छन् । परनिर्भर 'मागेर विकास बजेट चलाउने' मुलुकको निम्छरो अर्थव्यवस्थाको औकात बिर्सेर दौलतको चार चाँदको चहक देखाउनु नयाँ मुसलमानले प्याज धेरै खाएजस्तो भएन र ? पञ्चायतकालमा नहुनेलाई पञ्चदेवलको हण्डी खोलिन्थ्यो र सदावर्त लगाइन्थ्यो । हात थापेर र मुलुक ढुटेर लिएको चन्दा–अधिवेशनले पार्टी वा नेतालाई कति आत्मनिर्भर, उत्पादनशील, नैतिकवान बनाउला ? र, तिनले मुलुकको स्वाधीन अस्तित्व गर्विलो र सम्मानयुक्त सुरक्षित राख्लान् ? एकथरि जनता झाडापखाला लाग्दा सल्फाक्वानाडिन टेब्लेट खान नसक्ने छन् । पार्टीलाई पसल बनाएका नेताहरूको जीवनशैली सम्भ्रान्तमात्र होइन, राजसी ठाँटबाँटयुक्त छ । यस्ता पार्टीका कमरेड नेता प्रधानमन्त्री, शीर्ष नेत बनेका छन् जो मुस्ताङ म्याक्स चढेर देखावटी देशप्रेम देखाउछन् र व्यवहारमा सिंहदरवारबाट ललितपुरको गाउँ पुग्न लाखौंको हेलिकोप्टर चढ्छन् । बिधिलाई कुल्चन्छन् र अपराधीको बरदाता महादेव बन्छन् । वाईसिएल लगाएर प्रेस स्वतन्त्रतामाथि धावा बोल्छन् । न्यायका लागि चित्कार गर्ने नागरिक समाज, महिला हिंसाविरोधीहरूलाई 'डलरमणि' भनेर डाम्छन् । यस्ता बाबुरामहरूको नयाँ खालको क्रान्ति जबरजस्ती उठाएको चन्दाको भुसिलो डकार नभए के हो ?

शीर्ष चार पार्टी छन्, चारै पार्टीमा मुलुकप्रति नैतिकता, सिद्धान्तप्रति सम्मान, जनताप्रति जिम्मेवारी, जीवनशैलीप्रति आदर्शभाव केही पनि बाँकी छैन । मूल सुद्धिकरण नभएपछि बहाव निर्मलीकरण हुनैसक्दैन । अनि कसरी राजनीतिका पवित्र धाराहरू बग्न सक्छन् ? राजनेता बन्नुपर्नेहरू खलनायक बनिरहेका छन् । प्रचण्डले अधिवेशनमा पेश गरेको राजनीतिक प्रस्तावमा सीमा अतिक्रमणबारे जनमत संग्रह गर्नुपर्छ उल्लेख गरेछन् । अनि नागरिक समाजमा तरङ्ग उत्पन्न भयो–कस्तो वाहियात प्रस्ताव ? यस्तो प्रस्तावमा गहन छलफल, आश्चर्य छ । यिनको देशभक्ति नीति कसरी लेण्डुप दोर्जीभन्दा फरक छ भनेर मान्ने ? जन स्वाधीनतालाई एउटा शीर्ष नेता स्वार्थी मनोरञ्जनको लीला बनाउँछन्, मुलुकको अस्तित्व सुाचुरिन्छ, पहिचान धुमिल हुन्छ । मुलुकको सीमा जंगे पिलरभन्दा जब्बर पिलर बनेर उभिन नसक्ने महाधिवेशनका नायक के नायक ? मकवानपुर महाधिवेशनलाई विश्वले चीलका आँखाले हेरिरहेका छन् । प्रचण्ड, बाबुराम र नारायणकाजी निर्वाचित हुने र अर्को जनयुद्धमा नजाने निर्णयमात्र यो महाधिवेशनको सन्देश हुनुहुन्न । देश र दुनियाँको भलो हुने, अपेक्षा गरिएका र प्रचण्डले फुकेका 'फर्मूला' सहितका शान्ति, सहमति र निर्वाचनका सन्देशहरू आउने र आइन्दा आतंक मच्चाएर होइन सादगीका साथ औकातअनुसारका अधिवेशनहरू हुनेछन् भन्ने निर्णय पनि सार्वजनिक भइदियो भने 'क्यावत् एमाओवादी' हुनेथियो । इमानको अनिकाल, निष्ठाको हाहाकारको स्थितिमा क्रमिक सुधार हुँदै जानेथियो । तर प्रचण्डले त निष्पक्ष न्यायको तराजु बोकेर बसेका प्रधान न्यायाधीशलाई नै आफ्नो पार्टीको उमेदवार भनेर अधिवेशनबाटै पारित गराइदिए । नेपाली दलहरू त छक्क परे परे, विदेशीहरूले समेत एमाओवादीको यो चर्तिकलाई नौटंकी ठान्न पुगेको देखियो । नेपाली राजनीति यतिबेला गाईजात्रे पर्व बन्न पुगेको छ । *(इमेलबाट)*

PURBANCHAL
GRAPHIC DESIGN

| | |
|---|---|
| DESKTOP PUBLISHING | कम्प्युटर डिजाइनिङ् |
| GRAPHIC DESIGN | ग्राफिक डिजाइनिङ् |
| PHOTO SCANNING | फोटो स्क्यानिङ् |
| LASER PRINT | लेजर प्रिन्ट |
| FLEXBOARD DESIGN | फ्लेक्सबोर्ड डिजाइन |
| ENGLISH/NEPALI TYPING | अंग्रेजी/नेपाली टाइपिङ् |
| LOGO DESIGN | लोगो डिजाइनिङ् |
| VISITING CARD | भिजिटिङ् कार्ड |
| BANNER | ब्यानर |
| SIGN BOARD | साइनबोर्ड |
| GLOWSIGN BOARD | |
| NYLON STAMP | नाइलन छाप |
| SCREEN PRINT | स्क्रिन प्रिन्ट |
| BILL PAD | बिल प्याड |

ALL KINDS OF PRESS JOB

Bagbazar, Kathmandu (Yati Plaza)
Tel : 01-4218918, Mob. 9849-680659, 9849-259235

## तुहियो...

सुरु भएको आन्दोलन राजधानी आइपुग्दा सनसनी भइसकेको थियो । जनताले आन्दोलनमा साथ दिन थालिसकेका थिए । एकाएक आन्दोलनलाई रोकेर सत्तामा उक्लन हिंडेका प्रतिपक्षीहरुले माओवादीको सर्वसत्तावादविरूद्धको आन्दोलनलाई त तुहाए-तुहाए, यिनको अभिष्टलाई प्रचण्डले तुहाई दिने वातावरण बन्दै गएको छ ।

## नेताहरुलाई...

एमाओवादी र मधेसी मोर्चा मिलेर चुनावमा जाने निश्चित भएको छ ।

त्यसैले नेकपा-माओवादी जनविद्रोह भन्दाभन्दै परिआए बन्दुक उठाउने निर्णयमा पुगेको छ । गर्ने भए गोलमेच सम्मेलन गरेर निकास निकालौं, चार पार्टी मात्र मिलेर निकालेको निकास मान्य छैन भनेर मोहन वैद्यले घोषणा गरिसके । राप्रपा नेपाल प्रधानन्यायाधीशकै नेतृत्वमा भएपनि चुनाव गर भनिरहेको छ ।

अर्थात् सरकार परिवर्तनले मात्र शान्ति स्थापना र ताजा निर्वाचन होला जस्तो छाँट देखिन्न । नेकपा-माओवादी एउटा उदयीमान शक्ति हो र उसको अस्तित्व स्वीकार विना चुनाव सम्भव छैन । तर प्रचण्डको एमाओवादी वैद्य समूहलाई ह्याकुल्लाले मिचेर अघि बढ्न खोज्दैछ । जनयुद्ध दिवसमा प्रचण्डले दिएको अभिव्यक्तिले ठूलै भिडन्तको सन्देश दिन थालेको छ ।

शीर्ष चार दल एमाओवादी, कांग्रेस, एमाले र मधेसी मोर्चा निकास निकाल्न कस्सिएका छन् । चुनावमा जान तयार छौं भनेर पनि भन्दैछन् । तर राष्ट्रिय सहमति, शान्तिभन्दा पनि यिनको चासो सत्तामा बढी देखिन्छ । यसबाट थाहा हुन्छ यी शीर्ष भनिएका दलहरू विधि निर्माण र राष्ट्रिय एकताका लागि प्रतिबद्ध छैनन् । यिनको अर्जुनदृष्टि र मुख्य चासो भनेको सत्तामात्र हो । सत्तामा जानु र एकलौटी भ्रष्टाचार गर्नुलाई लोकतन्त्र हो भन्ने गलत नजिर स्थापित गर्ने दलहरूले मुलुक र जनतालाई ठूलै दण्ड दिन अग्रसर छन् ।

स्मरणीय छ, यी सबै शीर्ष दलहरू 'मुसदण्डे' डनहरू पालेर बसेका छन् । लोकतन्त्र भन्ने तर डनहरुको सुरक्षा घेरामा सुरक्षित भइन्छ भन्ने शीर्ष दलहरूको व्यवहारले पनि यिनीहरू लोकतन्त्रको आवरणमा बाहुवली शासन व्यवस्थामा विश्वास गर्छन् भन्न सकिन्छ । यस्ता शीर्ष दलहरूलाई चुनावभन्दा सत्ताको चासो हुनु स्वभाविक हो ।

## ज्वाईंका लागि...

सुजाताले सुशील कोइरालाका विरूद्धमा प्रचार पनि गरिरहेकी छिन् । सुजाताका अनुसार सुशील कोइराला लोकतन्त्रका पक्षपाती होइनन्, १२ बुँदे सहमतिका पनि विपक्षी हुन् । त्यसैले भारतले सुशीललाई पत्याएको छैन, सुशीललाई प्रधानमन्त्री बन्न दिंदैन । डेमोक्र्याटिक एक्सरसाइजअनुसार पनि रनिङ प्रधानमन्त्रीले निर्वाचन गराउने हो । त्यसैले कांग्रेस बाबुरामको सरकारमा सामेल भएर निर्वाचनमा जानुपर्छ, यही नै उपयुक्त मार्ग हो ।

भ्रष्टाचार दबाउन यसरी एउटी नेतृ, गिरिजाकी पुत्री माओवादीतिर लसक्कै टाँस्सिदा पनि कांग्रेस कारवाही गर्नै सक्दैन । किन होला ?

## बालुवाटार नै...

गरेका प्रायः सबै निर्णयहरु ऋहिले विवादको भूमरीमा परेका छन् । पछिल्लो पटक सिंहदरबार भित्र सोलार प्लान्टबाट २५ मेगावाट विद्युत निकाल्ने प्रास्तव गरी विना प्रतिस्पर्धा चिनियाँ कम्पनीलाई लाइसेन्स दिने प्रक्रिया अगाडि बढाइएको छ । उर्जा सचिव हरिराम कोइरालाले प्रधानमन्त्री भट्टराईकै दबाबमा विद्युत प्राधिकरणको सञ्चालक समितिको बैठकमा चिनियाँ कम्पनीसित विद्युत खरिद सम्झौता गर्न प्राधिकरण सञ्चालक समितिलाई दबाब दिइरहेका छन् । विद्युत प्राधिकरण सञ्चालक समितिको अध्यक्षमा मुख्य सचिव लिलामणि पौडेल रहेका हुनाले सोझै प्रधानमन्त्रीले प्रस्ताव पारित गर्न प्राधिकरण सञ्चालक समितिलाई मुख्यसचिव पौडेल मार्फत् दबाबद दिएका छन् । विद्युत खरिद गरिएपछि विना प्रतिस्पर्धा चिनियाँ कम्पनीलाई लाइसेन्स दिने बाटो खुला हुनेछ ।

विद्युत प्राधिकरणको वार्षिक आठ अर्ब घाटा रहेको भएपनि कम्पनीकै लागि विद्युत प्राधिकरणलाई माथिल्लो अरूण र दूधकोशी आयोजना निर्माणको लाइसेन्स दिने प्रक्रियासमेत अगाडि बढाइएको छ । एउटा पनि आयोजना बनाउने आर्थिक हैसियत नभएको प्राधिकरणको सञ्चालक समितिको बैठकले निर्णय गरी माथिल्लो अरूण र दूधकोशी जलविद्युत आयोजनाको लाइसेन्स दिन उर्जा मन्त्रालाई लिखित आग्रह समेत गरिसकेको छ । माथिल्लो अरूणमा चिनियाँ कम्पनी र दूधकोशीमा भारतमा कार्यालय रहेको एक अमेरिकी कम्पनीले लाईसेन्स र नेपाली सिजी इनर्जीको संयुक्त लगानीको कम्पनीले आँखा गाडेका हुनाले उनीहरूलाई नै दिने प्रपन्च गरेर प्राधिकरण सञ्चालक समितिले निर्णय गरी मन्त्रालयमा फाइल पठाएका हुन् । विद्युत प्राधिकरणले सार्वजनिक-निजी साझेदारीमा नाममा उक्त आयोजनामको लाइसेन्स ति कम्पनीलाई बेच्न अबै रूपैयाँ कमिशन खाने दाउनमा उर्जा मन्त्री समेत रहेका प्रधानमन्त्री भट्टराई र श्रीमति हिसिला यमी ज्यानै छाडेर उक्त प्रस्ताव पारित गराउन सक्रिय भएका छन् । यसअघि पनि विद्युत प्राधिरणले ४२ मेगावाट क्षमताको मोदीको लाइसेन्स लिएर पछि एक कम्पनीलाई बेचेर करोडौं रूपैयाँ कमिशन दलालहले खाएका थिए ।

## आउँदो निर्वाचन...

गरिएको भएपनि १ करोड ४० लाख मतदाता हुँदा यहाँ किन विद्युतीय मतदान यन्त्रद्वारा मतदान गराउन सकिँदैन भन्ने प्रश्न उठेको द्वारा मतदान गराउन सकिँदैन भन्ने प्रश्न उठेको छ । डा.बबबुराम भट्टराईको नेतृत्वमा रहेको सरकारले नै पहिला विद्युतीय मतदान यन्त्रद्वारा निर्वाचन गराउने उद्घोष गरेको थियो । पछिल्लो समयमा डा.भट्टराई सत्तामा टिकिरहन नसक्ने अवस्था सिर्जना भएको र विद्युतीय मतदान यन्त्रद्वारा मतदान गरिएको खण्डमा धाँधली गर्न नपाइने देखेरै स्वयं सरकार नै विद्युतीय मतदान यन्त्रद्वारा मतदान गराउन चाहिरहेको छैन । पछिल्लो पटक भएको संविधानसभाको निर्वाचनमा बाबुराम भट्टराईले सबैभन्दा बढी मत ल्याएर गोरखाबाट निर्वाचन जितेका थिए । त्यसबेला मतदान मतपत्रद्वारा गरिएको थियो । बाबुराम भट्टराईको निर्वाचन क्षेत्रमा सतप्रतिशत मत खसेको थियो । त्यहाँ १ वर्षसम्म कोहीपनि मरेनन् र विदेश पनि गएनन् । त्यसैकारण सतप्रतिशत मतदान भयो । पछिल्लो समयमा एमाओवादीप्रति जनता आक्रोशित भएको छन् । एमाओवादी विभाजित भएको छ, यी विविध कारणहरूले गर्दा एमाओवादी नराम्रोसँग पराजित हुने भयले गर्दा नै धाँधली गर्नैका लागि विद्युतीय मतदान यन्त्र प्रयोगमा नल्याउने षड्यन्त्रमा सरकार लागेको छ । निर्वाचन आयोगलाई दबाबमा राखेर मतपत्रद्धारा नै निर्वाचन गराउन पाएको खण्डमा धाँधली गरी फेरि सबैभन्दा ठूलो पार्टी हुने षड्यन्त्रका साथ सरकारले विद्युतीय मतदान यन्त्र खरिद गर्नका लागि समेत निर्वाचन आयोगसलाई रकम उपलब्ध नगराएको हुनाले आयोगले मतपत्रद्वारा नै निर्वाचन गराउने मनसाय व्यक्त गरेको अनुमान सबैले गरेका छन् । २०६४ साल चैत्रमा भएको निर्वाचनमा १ करोड ६७ लाख मतदाता थिए भने अहिले त्यो संख्या झरेर १ करोड ४०/५० लाख सम्म मात्र पुग्ने देखिएको छ । आयोगले १ करोड १० लाख फोटो सहितको मतदाता नामावली संकलन गरेको छ ।

## वर्ड फ्लु...

अपनाइरहेको छ ।

हालैका दिनमा रामकोट, सीतापाइला, जीतपुर, नयाँपाटी जस्ता राजधानीका क्षेत्रमा वर्ड फ्लु भेटियो । तर, स्वास्थ्यका कर्मचारी र कुखुरा पालक किसानको मिलोमतोमा वर्ड फ्लु लागेका अण्डा, कुखुराको मासु कोल्डस्टोर मार्फत् बजारमा खपत भए । देखाउनका लागि केही कुखुरा, अण्डा, हाँस नष्ट गरियो ।

स्वास्थ्य सुत्र भन्छ- वर्ड फ्लु आतंक देखाएर रोगको महामारीमा परेको कुखुराको संख्या व्यापक बढाउने र क्षतिपूर्ति तथा अन्य आर्थिक लाभ लिने क्रम बढेको छ । वर्ड फ्लु भन्दै खल्ती भर्ने र यसैको निहुँमा व्यापक भ्रष्टाचार गर्ने स्वास्थ्यभित्रको अर्को भ्रष्टाचार अभियान हो । नियन्त्रण र नियमन कमजोर भएको बेलामा 'भाग शान्ति जय नेपाल' गर्ने बाबुराम सरकारको विशेषता बनेको छ ।

## नेपाली सेना...

महाधिवेशमा नेपाली सेना परिचालित गरे । नेपाली सेना चुपचाप परिचालित भएको देखियो । यसरी नेपाली सेना पार्टी र व्यक्तिका खातिर परिचालन हुन सक्छ कि सक्दैन ? यो उचित अनुचित के हो ? प्रधानसेनापति गौरव शमशेर जबराले स्पष्ट पार्ने बेला भयो ।

साथै राजनीतिक झगडा चर्कने, देशमा राजनीतिकै कारण हिंसात्मक, असुरक्षा र अराजकता बढ्ने स्थिति आउन लाग्दा नेपाली सेनाले 'सुरक्षा चासो र तयारी' गर्न अबेर भएन र ? प्रश्न उठेको छ- नेपाली सेना किन कानो, बहिरो र लाटो देखिन्छ ?

**धुम्रपान स्वास्थ्यका लागि हानिकारक छ।**

# कांग्रेसका कार्यकर्ताले सोच्नु पर्ने कुरा

**शाश्वत शर्मा**

वि.पी., गणेशमान, कृष्णप्रसाद र सुवर्णशमशेर अनि पछिल्लो समयमा गिरिजाप्रसादले छाडेर गएको नेपाली कांग्रेसको राजनीतिक हैसियतलाई कांग्रेसको वर्तमान पुस्ताले (नेतृत्वले) बचाउन नसकेको मात्र होइन कि झन सिध्याउन खोजेको आरोप एकथरी खाँटी कांग्रेसीहरूले लगाउन थालेका छन् । खासगरी एमाओवादीको 'गणतन्त्र' र 'धर्म निरपेक्ष' को एजेण्डा बोकेपछि निरन्तर ओरालो लागेको नेपालको सबैभन्दा पुरानो प्रजातान्त्रिक दल नेपाली कांग्रेस अब 'प्रजा परिषद्' मा रूपान्तरण हुने पो हो कि ? भनेर ती कांग्रेसीहरू छटपटिन थालीसकेका छन् । त्यसो त मदन भण्डारी, मनमोहन अधिकारीहरूले छाडेर गएको विरासतलाई एमालेको अहिलेको नेतृत्वले पनि थाम्न नसकेको कटु यर्थाथ छँदैछ । तापनि एमाले बामपन्थी नै भएको (?) र कालान्तरमा यहाँका सम्पूर्ण बामहरू बीच एकता हुन सक्ने भएकाले एमालेका बारेमा त्यति 'चिन्तित' हुन नपर्ने तर्क दिने एकथरी एमाले पक्षीय बुद्धिजिवी पनि यहाँ छन् । फेरि बामपन्थी पृष्ठभूमी भएको एमालेले आफूलाई 'केही समय' सुधारेर संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको पक्षमा उभ्याता पनि आखिर त्यो पार्टी जन्मजात 'गणतन्त्रवादी' (?) नै भएकोले उसलाई समयानूकुल हुन त्यति गाह्रो र अप्ठेरो नहुने विश्लेषण पनि ति विश्लेषकको छ । अब भन्नु पर्दा, अप्ठेरो त कांग्रेस, राप्रपा, र राजपा जस्ता दलहरूलाई पो छ । यिनीहरूलाई यो 'गणतन्त्र' निल्नु कि ओकल्नु जस्तो भइरहेको हुनुपर्छ । अब हिजो सकृय राजतन्त्रलाई सहयोग र समर्थन गरेर तीन दशकसम्म सत्तामा हालीमुहाली गरेका पूर्वपन्चहरूको पार्टी राप्रपा र राजपाहरू त नेपाली जनता सामू अझै 'विश्वास योग्य' हुन सकेका छैनन् । तर यो झुण्डमा राप्रपा (नेपाल) लाई बाहेक गरिनुपर्छ । किनभने यो पार्टीले अझैसम्म आफ्नो 'पुरानो धारणा' लाई परिवर्तन गरेको छैन । त्यसकारण अहिले पनि यो पार्टीसँग 'मुद्दा'हरू बाँकी नै छन् । अब भनौ त, एमाओवादीको एजेण्डा बोकेका कांग्रेस, एमाले र यिनका सहयोगी दलहरूसँग के मुद्दा बाँकी छन्त त ? त्यही सरकारको नेतृत्व अब आफूले पाउनु पर्ने भन्ने मुद्दा ? कि एक दिन अगाडि साँझ भारी मूल्यवृद्धि गरेर भोलिपल्ट बिहानै साबिकको मूल्यमा ओरालिएको खाना पकाउने ग्याँसको मुद्दा ? कुन मुद्दा बाँकी छ त ? फेरि ग्याँसको मूल्यबृद्धिको मुद्दालाई छाडेर कांग्रेस वा एमालेलाई सरकारको नेतृत्व गर्न दिनुपर्छ भन्ने मुद्दामा जनताले यिनलाई किन पो साथ दिइरहनु पर्छ र ? फेरि यसलाई दुर्भाग्य भनौ वा अरू नै केही !! आफ्नै खेमाका ती राष्ट्रपति पनि अब खाँटी कांग्रेसी सुशिल कोईराला वा खाँटी एमालेको तर्फबाट अरू कसैलाई भन्दा पनि बाहिरको कुनै 'स्वतन्त्र'लाई चुनावी सरकारको नेतृत्व दिन तयार भएको समाचार आइरहेको छ । पुरानो सहमति अनुसार (!) यदी अहिले कुनै कांग्रेसीले सरकारको नेतृत्व गर्न पाएन भने यो कांग्रेस पार्टीको अवस्था के होला ? भइसकेको सहमतिलाई समेत कार्यान्वयन गराउन नसक्ने वर्तमान कांग्रेस नेतृत्वका कारण यो पार्टी 'प्रजा परिषद्' हुने क्रममा छ भन्दा कुनै अतिशयोक्ति होला र ? एमाओवादीका सम्पूर्ण प्रस्तावलाई मान्नु पर्ने बाध्यता बोकेर बस्दाखेरी तल्लो तहका कांग्रेसीहरू माझ कस्तो सन्देश जाला त ? भन्ने नै हो भने हिनताको भावनाले ग्रस्त छन्- कांग्रेसीहरू ।

स्वर्गीय गिरिजाप्रसादले (पूर्व) राजा ज्ञानेन्द्र सँग को 'रिस' मा आफ्नो सिद्धान्त, नीति र 'धर्म'लाई तिलान्जली दिएर कांग्रेसलाई 'गणतन्त्रवादी' बनाएपछि यो पार्टी ब्रत गतिमा ओरालो लाग्दो छ । त्यसो त, अहिले समाचारमा आइरहेका नामहरू मध्ये अनुपराज शर्मा, दमननाथ ढुङ्गानाहरू मध्येबाट कुनै एक जनाले चुनावी सरकारको नेतृत्व गर्न पाएमा त्यो पनि कांग्रसकै नेतृत्व सरह नै हुनेछ भनेर आफ्नो 'मन' लाई शान्त गराइरहेका केही कांग्रेसीहरू पनि भेटीए । यदी यसो भएमा पनि त्यसलाई कांग्रेसको नेतृत्वको सरकार भन्न सुहाउला ? कांग्रेसी पृष्ठभूमि भएता पनि पूर्वप्रधानन्यायाधीश अनुपराज शर्मालाई नेपाली कांग्रेसको दैनिक राजनीतिमा सकृय भएको देखिएको छैन, भने उता ति दमननाथ अहिले आफूलाई कांग्रेसी भन्दा पनि अधिकारकर्मी भन्न रूचाउछन् । त्यसकारण जस्तो जे भएता पनि यी दुई 'महानुभाव' हरूलाई कांग्रेसीहरूले 'हाम्रो' भन्न त्यति नसुहाउला कि !! अब परिस्थिति यस्तो भयो कि कांग्रेस वा एमाले मध्येबाट कसैलाई पनि सरकारको नेतृत्व गर्न नदिएर एमाओवादीले आफ्नो 'विजय' भएको ठानिरहेको अवस्था एकातिर छ भने अर्को तिर विपक्षीहरूले पनि एमाओवादीद्वारा (प्रस्तावित) प्रधानन्यायधीश खिलराज रेग्मीलाई 'पदोन्नती' गराएर प्रधानमन्त्री बनाउने कुरालाई आफूहरूले अस्वीकार गरेर एमाओवादीलाई परास्त गरेको भ्रम पारेर बसेको स्थिति अर्कोतिर छ । तर बास्तवमै भन्नु पर्दा र आम नेपालीहरूले बुझेको कुरा के हो भने अहिलेको नेपाली राजनीतिलाई एमाओवादीले कब्जा नै गरिसकेको छ । नेपालको केन्द्रिय राजनीतिमा अहिले हालीमुहाली गरेर बसिरहेको एमाओवादी यसका सहयोगी दलहरूको दिनानुदिन बढीरहेको हैसियतको एकमात्र कारण हो- आफ्नो एजेण्डामा नितान्त विपरीत ध्रुवका पार्टीहरूलाई सहमत गराउन सक्नु !! अर्थात गणतन्त्र र धर्म निरपेक्षको मुद्दामा अन्य दलहरू खासगरी कांग्रेसलाई सहमत गराउन सक्नु नै एमाओवादीको विजयी सुरूवात थियो । त्यसपछि अर्थात् कांग्रेस गणतन्त्रमा आईसकेपछि एमाओवादीको हाइट बढेकोबढ्यै छ भने कांग्रेस र यसका नजिकका दलहरूको घटेकोघट्यै छ ।

त्यसकारण, कांग्रेसलाई साच्चिकै उभो लगाउन तम्तयार भएर बसेका खाँटी कांग्रेसीहरूले अब पनि राम्रो सँग सोचेर आफ्नो नेतृत्वलाई परिवर्तनका लागि दबाब नदिने हो भने यो कांग्रेसको भविष्य त्यतिराम्रो देखिन्न । हाम्रो जस्तो सिद्धान्त, नीति, आदिइत्यादि भन्दा पनि सत्ताको पुजारीहरूको बोलवाला भएको मुलुकमा सहमति भइसकेर पनि सत्ताको नेतृत्व लिन नसक्ने पार्टीमा आमकार्यकर्ताहरू किन पो अलमलिएर बसिरहन्थे र ? कसो !?

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५९६९९, बजार व्यवस्थापक : मनोज खड्का (९८४१८१६०७६) मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार